# आर्थिक वर्ष २०७७/०७८ को
# वजेट नीति तथा कार्यक्रम

## महाशिला गाँउपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

वालाकोट, पर्वत
गण्डकी प्रदेश, नेपाल

## २०७७ असार ०९

महाशिला गाँउपालिकाका उपाध्यक्ष ज्यू, वडाअध्यक्ष ज्यू, कार्यपालिकाका सदस्य ज्यू, सभासद ज्यू, प्रमुख प्रशासकिय अधिकृत, कर्मचारी मित्रहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पत्रकार मित्रहरु सम्पूर्णमा हार्दिक अभिवादन ॥

उपस्थित सम्पूर्ण महानुभावहरुमा महाशिला गाउँपालिकाका तर्फवाट हार्दिक स्वागत गर्दछु ।

आज हामी स्थानिय सरकारको रुपमा निति कार्यक्रम र वजेट निर्माणको चौथो वर्षमा प्रवेश गरेका छौं । हामीले काम गर्ने सवालमा स्वयं पनि सिक्दै परिमार्जित भई नयाँ नयाँ कामहरुको शुरुवात र कार्यक्रमको परिमार्जन गर्दै आई रहेका छौ । यस चालु आर्थिक वर्ष २०७६/७७ मा विश्व महामारीको रुपमा कोभिड -१९ कोराना भाईरसले हामीलाई थप चुनौती साथै स्वास्थ्य क्षेत्रको लगानी एवं महामारीसंग जुध्नकालागि नै धेरै समय खर्चन वाध्य वनाएको छ । तर हामीले आफ्ना दैनिक काममा र योजना वद्ध विकासलाई अगाडी वढाउनु पर्ने वाध्यता रहेको यस सभा समक्ष जानकारी गराउँदछु । कोराना भाईरससंगको विश्व महामारीको यो संकटवाट मुक्तहुन सवै जनसमुदायहरुले धैर्यता राख्नु हुन, एक आपसमा सद्भाव राख्न साथै विरामीहरुलाई सहानुभूति सहयोग दिन र आवश्यक आर्थिक नैतिक र भौतिक सहयोगकालागि अपिल गर्दछु । यस महामारीवाट आम नेपाली र महाशिलावासीहरुले अवश्य जित्ने छौ भन्ने विश्वास दिलाउन चाहन्छु । यो संकटमा महाशिला सरकार तपाईहरुको साथमा छ र सधै रहने विश्वास दिलाउन चाहन्छु ।

यसै गरी नेपालमा प्रजातान्त्रिक, लोकतान्त्रिक र गणतान्त्रिक आन्दोलनमा सहभागी जनसमुदाय प्रति सम्मान व्याक्त गर्दै, नेपाली आमाका थुप्रै सपुतहरुले वलिदानी पूर्ण संधर्ष र साहदत प्राप्त शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै घाईते र अपाङ्गता भएका व्याक्तिहरु प्रति सु-स्वास्थ्य कामना सहित उहाँहरुको योगदानको उच्च सम्मान गर्दछु ।

नेपालमा राष्ट्रियता, सार्वभौमसत्ता र स्वतन्त्रताकालागि थुप्रै सपुतहरुले रगत वगाउनु भएको छ । आज वर्तमान अवस्थामा राष्ट्रियताको सवाल प्रखर भएर आएको छ । कालापानी लिपुलेख नेपाली भूमी भारतले हडेपेको छ । यो विषयमा आम नेपाली सचेत नागरिकले भारतको कदमको विरोध गर्नु पर्दछ र हाम्रो भूभाग सहज ढंगले भारत छोड्नु पर्दछ । भारतले कुटनैतिक मर्यादालाई पालना गर्दैन भने यस सवाललाई अन्तर्राष्ट्रियकरण गर्नु पर्दछ । अव भारत र नेपालको सिमानामा काँडेवार लगाउने अवस्था आएको छ । नेपालले असंलग्न परराष्ट्र नितिको अवलम्वन गर्नु पर्दछ । हाम्रा छिमेकीहरुलाई हेपाहा होईन असल छिमेकीमा रुपान्तरण गर्ने दायित्व पनि हामीलाई नै आएको छ । केन्द्र सरकारले यसमा दृढतापूर्बक लड्नकालागि आवह्यन समेत गर्दछु । विश्वसंकटका वेलामा नेपाल माथि भारतले गरेको व्यावहार मानविय छैन र हामीले यो क्रियाकलापको विरोध गर्नै पर्दछ ।

आज नेपाली जनताले सार्वभौमसत्ता सम्पन्न हुनकालागि जुन आन्दोलन गरेका थिए, दोश्रो संविधानसभाको निर्वाचन पछि संविधान निर्माण र ३ तहको निर्वाचनले मुलत २००७ अगाडी र पछाडीको संघर्षको माग पुरा भएको छ । हामी नयाँ नेपाल निर्माणको चरणमा प्रवेश गरेका छौ । हाल मुलुक संघिय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गरिरहेको छ । आजको आवश्यकता हामी कसरी सम्पन्न हुन सक्दछौ । दिगो विकासकालागि खुसी र सुखी नेपाली वनाउन हामी सवै लागी पर्न पर्ने र सवैको नारा सुखी नेपाली, समृद्ध नेपालको अभियानलाई सवै नेपाली जन जनको मनमा संकल्प गर्ने गरी अभियान थाल्नु पर्दछ । हाम्रो शासनको स्वरुपमा परिवर्तन भए पनि कर्मचारीतन्त्र र राजनैतिक नेतृत्वमा अझै केन्द्रीकृत मानशिकता हुनु विकासकालागि वाधक सोच हो । यो सोचमा परिवर्तन हुन जरुरी छ । अहिले पनि शासन व्यावस्था को ढाँचा परिवर्तन भएपनि सोच परिवर्तन नहुनुले संघियताको मुलमर्म अनुरुप श्रोत साधन र कर्मचारी समेतको व्यावस्थापन सहिढंगले अहिले पनि हुन सकेको छैन । पारदर्शीता, शुसासन साथै भ्रष्ट्रचारमुक्त समाज निर्माणकालागि राजनैतिक नेतृत्व र कर्मचारी संयन्त्रको शुद्धिकरणको आन्दोलन देश व्यापी वनाउनु पर्दछ । यसकालागि सवै जनप्रतिनिधिहरुलाई आवह्यन गर्न चाहन्छु ।

दिगोविकास, मानव अधिकार,संस्थागत शुसासन, पारदर्शीता, जवाफदेहीता र कानुनी राज्य विना **सुखी नेपाली, समृद्ध नेपालको** कल्पना पनि गर्न सकिदैन । जसकालागि ३ वटै सरकारले संकल्प गर्न जरुरी छ, यदी हामीले यो कुरा मनन् गरेनौ भने जनताको विश्वास घट्ने छ । अहिलेको स्थायी सरकारले

पनि काम गर्न नसक्दा भावी दिनमा लोकतान्त्रिक गणतन्त्र माथी प्रश्न खडा हुनेछ । जसले संघियतालाई पनि कमजोर वनाउने छ । तसर्थ केन्द्र, प्रदेश र स्थानिय सरकारको सहकार्य साथै समन्वय विना विकास संभव छैन र जसकालागि सवैले स्थानिय सरकारलाई वलियो वनाउन ध्यान दिन जरुरी छ । सवैको जग भनेको स्थानिय सरकार हो ।

अहिले पनि पूर्वाधार विकासका नाममा निर्वाचित केन्द्र र प्रदेशका सभासदहरुले योजनामा वजेट वाँड्ने कुराले संधियताको मर्मलाई मुखरित गर्दैन तर यो काम भई रहेको छ । यो केन्द्रीकृत मानसिकताको उपज हो । यसले निर्वाचन क्षेत्रमा वोलेका आश्वासनको सम्वोधन होला तर संस्थागत विकासमा यो खर्चले टेवा पुग्दैन । यस सभा मार्फत केन्द्र र प्रदेश सभाका संसदहरुको ध्यानाकर्षण गराउन चाहन्छु । हाल पनि सिंहदरवारको अधिकार गाउँमा आएको हल्ला भएको छ तर मानसिकता केन्द्रिकृत छ यो पनि भन्ने उदाहरण हो ।

हाल पनि केन्द्र तथा प्रदेश सरकारले समयमा ऐन, नियम नवनाउनु परिमार्जन नर्गनु र पर्याप्त आर्थिक, भौतिक, कर्मचारी व्यावस्थापन, आवश्यक भौतिक पूर्वाधार र श्रोत साधनको व्यावस्थापन नहुनुले सेवा दिने काममा कमी नै छ । जनताका दैनिक दिने सेवाहरु प्रभावित भएका छन् । समयमा सेवा दिन कठिन परेको छ । यो विषयलाई गंभिरतापूर्वक लिन केन्द्र र गण्डकी प्रदेश सरकार ध्यानकार्षण गराउँदछु । संविधानको अनुसुचीमा उल्लेखित अधिकारको र श्रोतसाधनको वाँडफाड सहि डंगले अझै पनि हुन सकेको छैन ।

हामीहरुले केही कुराहरु सकारात्मक पनि लिनु पर्दछ, यो संघियताले विधायकी, कार्यपालिका र न्यायपालिकासंग संवन्धित अधिकारको प्रयोग गर्ने कार्य स्थानिय सरकारमा हुनुले जनताले पाउने सेवा सुविधामा सहजता र सुगमता सृजना भएको छ । तर यो सेवा सुविधा प्रयाप्त छैन, संविधान र कानुनमा भएको व्यावस्था वमोजिम कार्यान्वयन गर्न आवश्यक छ ।

आदरणीय यहाँ उपस्थित् सभासद ज्यूहरु, आज यो अवस्थामा आउनकालागि पनि हामीले एक दशक लामो राजनैतिक संक्रमणवाट द्धन्दको रुपान्तरण र २०७२ को संविधान घोषणाले आज नयाँ युगको थालनी भएको छ । संधियताको आफ्नै मौलिक अभ्यासको शुरुवात पनि हामीले गरेका छौ ।

लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने जिम्मेवारी र कमीकमजोरी सच्चाउदै अगाडी वढ्ने प्रण सवैवाट हुन जरुरी रहेको छ ।

यस अवसरमा सभासद ज्यूहरु, लगायत गाउँपालिकालाई विभिन्न कार्यमा साथ र सहयोग गर्नु हुने सम्पूर्ण महाशिला गाँउपालिकाका आदरणीय आमा,वुवा,दिदी-बहिनी तथा दाजु-भाईहरु, निर्वाचित सम्पूर्ण जनप्रतिनिधि एवं क्रियाशिल राजनैतिक दलहरु तथा सामजिक विकास अभियन्ताहरु, राष्ट्रसेवक कर्मचारी एवं पत्रकारहरु र विभिन्न कार्यालय, संघ, संस्था लगायत सम्पूर्ण प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यस गाँउ सभाले विगतमा वर्ष देखी नै "महाशिलाको परिकल्पना, दिगो आर्थिक विकास, जन जनको समृद्धी, हाम्रो चाहना" भन्ने नारालाई सफलिभूत पार्न यस गाँउपालिकाको समग्र विकासको लागि आ.व.२०७७/०७८ को वार्षिक नीति, कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित छु ।

उपस्थित आदरणीय सभासद ज्यू, यस गाउँपालिकाको समग्र पक्षमा ध्यान दिदै आगामी आ.व.२०७७/०७८ को गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरु देहाय बमोजिम रहेको व्यहोरा म यस सम्मानित सभा समक्ष अनुरोध गर्न चाहन्छु ।

- नेपालको संविधान २०७२ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- स्थानिय सरकार संचालन ऐन र हाल नेपाल सरकार र गण्डकी प्रदेश सरकारले जारी गरेका निति नियम, ऐन कानुन साथै महाशिला गाउँपालिका सभाद्धारा पारित विभिन्न कानुन तथा नियम तथा नितिहरु
- कार्यक्रम तथा बजेट तर्जुमासम्बन्धी मार्गदर्शन,
- योजनाको आधारपत्रमा उल्लिखित व्यवस्थाहरु
- नेपाल सरकार, प्रदेश सरकार र विभिन्न मन्त्रालय मार्गदर्शन तथा निर्देशन र सुझावहरु,
- विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय सन्धी संझौता र प्रतिवद्धताहरु

- वस्तिगत, टोल विकास संस्था र वार्ड स्तर, विषयगत समिति, योजना तर्जुमा समिति हुँदै सहभागितामूलक योजना तर्जुमा प्रक्रियाद्धारा प्राथमिकीकरण सहित प्राप्त भएका आयोजना, कार्यक्रम तथा स्थलगत रुपमा अनुगमनमा जनतावाट आएका सुझावहरुका आधारमा यो निति तथा कार्यक्रम तयार पारिएको छ ।

आदरणीय सभासद ज्यूहरु, आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन पश्चात देहायका उद्देश्यहरु हासिल हुने अपेक्षा गरिएको छ ।

- पर्यटन विकास,कृषि तथा गैर-कृषि क्षेत्र, उद्यम विकासको क्षेत्रमा जोड दिई, स्थानिय उत्पादनमा जोड दिई आत्मनिर्भरता तर्फ उन्मुख गरी व्यवसायीकरणको माध्यमद्धारा हाल भइरहेको आयतमा प्रतिस्थापन गरी कृषि र पशुपालनवाट गाउँपालिकालाई आत्मनिर्भर वनाउन जोड दिईनेछ । जसकालागि अनुदानको व्यावस्था साथै केन्द्र तथा प्रदेश सरकारसंग सहकार्य गरिने छ ।
- जेष्ठ नागरिक, महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति लाभवाट वंचित समुदायहरुको स्रोत र साधनमा पहूँचमा वृद्धि गर्ने र वजारवाट गाँउ आएका, विदेशवाट फिर्ता भएका, रोजगारी गुमाएका युवाहरुको आर्थिक विकास, उत्पादन, रोजगारी सृजना गरिने छ ।
- सामाजिक परिचालनद्धारा स्थानिय तहमा वार्ड मातहतमा विभिन्न कलष्टरमा टोल विकास संस्था गठन परिचालन, महिला समुह, क्लव तथा संघ संस्था सहकारीहरुसंग सहकार्य गरी सामाजिक परिचालनलाई संस्थागत रुपमा अगाडि वढाई नागरिकका कर्तव्य र अधिकारवारे बोध गराई कर्तव्य पालना र अधिकारमा दावी गर्न सक्ने आवश्यक क्षमताको विकास गरिनेछ । साथै पूर्णखोप, जिरो होमडेलीभरी, वाल मैत्रि, पूर्ण सर सफाई युक्त गाउँपालिका, सामााजिक विकृति जाँड, रक्सी, जुवा, तास विभिन्न दुर्व्यबसनी, अपराध र महिला वालवालिका हिंसाको विरुद्धको अभियान र सामाजिक सुरक्षाका कार्यक्रम संचालन गरिने छ । जनसहभागीतामा आधारित योजनालाई उच्च प्राथमिकता दिईने छ ।
- विश्व संकट महामारी कोरोना भाईरस विरुद्ध पूर्वतयारी, राहत तथा उद्धारसंग संवन्धित काम, स्वास्थ्य सेवा विस्तार, नागरिकको स्वास्थ्य सुरक्षा, सामुदायिक विद्यालयको शिक्षामा गुणस्तर विकास आम समुदायको सार्थक सहभागिता सुनिश्चत गर्ने कार्यक्रमहरुमा जोड दिइनेछ ।
- पर्यटन विकास,भौतिक पूर्वाधार विकासमा स्थायी विकास सवै गाउँपालिका भरी फलामे पोलयुक्त गाँउपालिका, १ घर १ धारा, १ घर १ टनेल, वार्डस्तरका वार्है महिना चल्ने सडक, महाशिला चक्रपथ र कालोपत्रे जस्ता कार्यक्रमले यातायातको सहज पहुँच वृद्धि भएको हुनेछ । विद्यालय, स्वास्थ्य संस्था, सिचाई र वार्ड तथा पालिका भवन निर्माणको कामको थालनी हुनेछ ।
- आन्तरिक आय वृद्धि, करको दायरा वढाउने एवं राजश्व परिचालनमा आम नागरिक र निजी क्षेत्रसँग सहकार्य गरिने छ । स्वैच्छिक कर तिर्ने वातावरण तयार गरी घर कर र मालपोत कर कार्यान्वयन गरिने छ । सो रकम जनताको प्रत्यक्ष विकासमा लगाईने छ ।
- विभिन्न विषयगत क्षेत्रमा कार्यक्रम संचालन गर्दा संस्थागत विकास साथै सुशासन र पारदर्शीता भ्रष्टचारमुक्त समाज निर्माणमा जोड दिईने छ । सवै दल तथा सामाजिक अगुवाहरुसंग सहकार्यमा कार्यक्रम संचालन गरिने छ ।

उपस्थित आदरणीय सभासद ज्यू हरु, यस महाशिला गाँउपालिकाका विद्यमान् भौगोलिक क्षेत्र एवं जाती, सम्प्रादय मौलिक कला संस्कृति, भाषा, भेषभुषा, इतिहास, कला, सँस्कृति, प्राकृतिक स्रोत साधनको सर्वेक्षण, संरक्षण र व्यावसायिक उत्पादन विशेष जोड दिन जरुरी रहेकोछ ।

आजको कोरोना महामारी विश्व संकटको घडीमा हामी सवैले आत्मनिर्भर वन्नकालागि सवै युवा समुदायले आफ्नो गाउँ र माटोलाई चिनेर **आफ्नो गाउँ आफै वनाऔ** भन्ने उद्घोष र सकारात्मक सोचका साथ घर फर्क अभियान उद्यममा लाग्ने अवसरको वातावरण सृजनामा गाउँपालिका प्रयत्नशिल छ । यो गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रमले यस क्षेत्रको विकासकालागि सकारात्मक र महत्वपूर्ण योगदान गर्नेछ भन्ने कुरामा मैले पूर्ण विश्वास लिएको छु ।

हाम्रा विगत ३ वर्षका उपलव्धीहरु :
आर्थिक विकास क्षेत्रमा :

- महाशिला विकास स्वयंसेवक  एकघर एक रोजगार कार्यक्रम हामीले ६०० जना वेरोजगारहरुलाई लक्षिण गरेर कार्यक्रमको शुरुवात गरेका थियौ । जसमा ३७६ जना स्वयंसेवकहरुको आवेदन परेको थियो । सवैलाई हामीले परिचालन गरेका थियो । कति व्याक्तिहरु स्वयं रोजारीमा गएका छन् भने हाल पनि २०० व्याक्तिहरु यो कार्यक्रममा सरिक भएका छन् । जुन कार्यक्रमले शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, कृषि, पशुपालन, निर्माण र उत्पादनका काममा परिचालित भएका छन् । आज नेपाल सरकारले पनि प्रधानमंत्री रोजगार कार्यक्रमको रुपमा यस्तै प्रकृतिको कार्यक्रम शुरुवात गरेको छ । जसवाट हामी एक कदम अगाडी छौ भन्ने दावी गर्न सक्दछौ ।
- एक घर एक टनेल कार्यक्रम यस महाशिला गाँउपालिका भरी लागु भएको छ । करेसावारी होम गार्डेन रुपमा कृषिमा ताजा तरकारी खाने वानी विकास भएको छ । व्यावसायिक कृषिमा लाग्नकालागि कृषकहरु लगेका छन् । करिव १५०० को हाराहारीमा टनेलहरु कृषकहरुमा वितरण हुने भएको छ ।
- होम स्टे तालिम संचालन गरी ५ वार्डका ७ स्थानमा होम स्टेको शुरुवात भएको छ । ६ वटा सामुदायिक भवनहरु र अन्य पूर्वाधार निर्माण भएका छन् ।
- यसै गरी महाशिलाका सेभेन प्वाईन्टको रुपमा महाशिलाको सिलाक्षेत्र, वालारानी गंगाधर गुफा क्षेत्र, पैयूकोट, गोरल्याङ्ग क्षेत्र, चिसापानी क्षेत्र, दुक्तान वसाह क्षेत्र, फलामखानी धुँवाकोट क्षेत्र ७ स्थानलाई विकास गर्ने काममा स्थानिय सरकार ३ वटा क्षेत्रको डिपिआर समेत वनाई सकेको छ । सवैमा पर्यटक स्थलमा वजेट लगानी गरेको छ । प्रदेश र केन्द्र सरकारले समेत वजेट विनियोजन गरेको छ । केन्द्र र प्रदेश सरकारको महाशिलाको शिला क्षेत्र १०० गन्तव्य सुचिकृत हुनु महत्वपूर्ण उपलव्धी हो ।
- उत्पादन महाअभियान मार्फत स्थानिय व्यावसायी कृषकहरुलाई दुध, मासु, तरकारीमा उत्पादनमा अनुदान दिने व्यावस्था मिलाएका छौ । उत्पादन र वजारीकरणलाई सहज वनाउने गरी नितिगत रुपमा सहकारी मार्फत सहज अनुदानको व्यावस्था मिलाएका छौ । यस महाशिला गाउँपालिकाले गौरव गर्ने विषयहरु पनि रहेका छन् । जसमा लुंखु र होश्राङ्गदीमा दुध र खसी वोका र तरकारी र पाखापानीमा खसीवोका महिला सहकारी मार्फत निकासी भएको छ । यसै गरी भरखर महिला सहकारी मार्फत होश्राङ्गदीमा सहकारी पसल संचालनमा आएको छ ।
- २ स्थानमा  होश्राङ्गदीमा र वालकोटमा सामुहिक कफि फर्म र १ स्थानमा फलामखानीमा चिया विकासमा काम भई रहेको छ । यसै गरी ५ स्थानमा सुन्तला, १ स्थानमा अलैची फर्म र विभिन्न स्थानमा तरकारी फर्महरु संचालन भएका छन् ।
- सवै वार्डहरुमा वाखा, कुखुरा, वंगुर, मौरीपालनलाई व्यावसायिक रुपमा संचालन भएको अवस्था रहेको छ । जसमा अनुदान गाउँपालिका, प्रदेश र केन्द्रसरकारको समन्वयमा आम्दानी वढाउने काममा सहयोग गरिएको छ ।

सामाजिक विकास :

- महाशिला गाँउपालिकाले शुरु गरेको विद्यालय दिवाखाजा कार्यक्रम सशर्त वजेटमा केन्द्र सरकारले यस वर्ष देखी सहयोग गर्ने भएको छ । जुन कामको शुरुवात महाशिला गाउँपालिकावाट भएको हो ।
- विद्यालयको शैक्षिक स्तर वृद्धिकालागि अंग्रेजी माध्यममा पढाउने कामको शुरुवात यस गाउँपालिकामा विगत ३ वर्ष देखी भएको छ ।
- मावि तहवाट शुरु गरिएको एक शिक्षक एक ल्यापटप, प्रत्येक कक्षामा प्रोजेक्टर कार्यक्रम सवै मावी तथा निमाविमा प्रोजेक्टर गाउँपालिकाले सहयोग गरेको छ ।

- जुवा तास र मदिरा नियन्त्रण कार्यक्रम संचालनले रक्सी खाने कामलाई धेरै नै नियन्त्रण भएको छ। यो कार्यक्रम ६ वटै वार्डमा लागु भएको छ। यो एउटा सामाजिक विकृति विरुद्धको अभियानको रुपमा वुझ्न जरुरी छ।
- सवै वार्डमा वर्थिङ्गसेण्टर निर्माण, संचालन र गाँउ पालिकाले आफ्नो श्रोत परिचालन गरी आमा नवशिसुको जोखिमलाई कम गरिएको छ। यसै गरी अध्यक्षा सुत्केरी भेटघाट कार्यक्रमले सुत्केरी महिलालाई खोप लागाउने र जोखिम कम हुनुले संस्थागत सुत्केरी वनाउने जिरो होम डेलिभरी अवस्था वनेको छ । सवै वार्डमा प्रसुति भवन वनेका छन् । स्वास्थ्य संस्था वन्ने चरणमा रहेका छन् ।
- यसै वालमैत्री गाउँपालिकाको अभियान र वार्ड नं. ५ घोषणाको चरणमा रहेको छ।
- विपन्न, असहाय अपाङ्गता भएका व्याक्तिहरुलाई परिचयपत्र वितरण सहयोगको काम गरिएको छ।
- जेष्ठ नागरिकको सहयोगकालागि वैकसंग समन्वय गरी विश्वव्यापी महामारी कोरोना भाईरसको अवस्थामा वस्ति वस्तिमा भौतिक दुरी कायम गरी सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।
- यसै गरी गाउँपालिकाले भारत लगायतका विभिन्न देशवाट नेपाल आउने व्याक्तिहरुको विश्वव्यापी महामारी कोरोना भाईरसवाट सुरक्षित गर्न कुश्मा सदरमुकाम पुलिङ्ग क्वारेण्टाईन र पिसिआर टेष्ट साथै गाउँ गाँउमा स्थानिय रुपमा क्वारेण्टाईन साथै स्वास्थ्य सुरक्षामा सम्पूर्ण ध्यान दिईएको छ । यसै गरी सवै वार्डमा अति विपन्नहरुलाई राहत वितरण र स्वास्थ्य सामग्रीको आवश्यक व्यावस्था गरेका छौ । जुन कामले हामी नागरिक प्रति पूर्ण वफादार छौ भन्ने अवस्था सृजना भएको छ।
- गाँउपालिका भित्रका सवै क्लव तथा समुहले संचालन गरेका खेलकुद तथा मनोरञ्जनका क्रियाकलापमा गाउँपालिकाले प्रथम पुरस्कार र व्यावस्थापनमा सधै सहयोग गरेको छ । गाउँपालिकाले वालकोटको दहको खेलमैदान कृष्ण गोपाल स्मृति खेल मैदान लगायत वार्ड वस्तिका ससाना खेल मैदानमा निरन्तर सहयोग गरेको छ। हामी युवा खेलकुद प्रति सदैव सकारात्मक छौ भन्ने सन्देश गएको छ।
- सवै विद्यालयको भौतिक पूर्वाधारमा हामीले व्यावस्थापनमा यथेष्ट सहयोग गरेका छौ। भौतिक पूर्वाधारमा सवै विद्यालयहरु सम्पन्न हुदै गई रहेका छन् । अव महाशिलामा जिर्ण भवन र सौचालय रहने छैनन् ।
- खानेपानीमा १ घर १ धारा सवै वार्डमा शुरुवात भएको छ। फलाखानी वार्ड नं. ६ मा सवै घरमा १ घर १ धारा कार्यक्रम सम्पन्न भएको छ। करिव ८०% घरमा १ घर १ धारा भई सकेको अवस्था रहेको छ। खानेपानीको विकटता भएका वस्तिमा खानेपानीको सुविधा विस्तार भएको छ।

**<u>भौतिक पूर्वाधार :</u>**

- सवैको चासो रहेको महाशिला चक्रपथको ट्याक ओपन पुरा भई विस्तारको कामहरु निरन्तर भईरहेका छन् । गाउँपालिकाले डिपिआर गरेका वाटोमा ५ किमी पिच गाउँपालिकाले आफै शुरु गरेको छ। दुक्तान सिम्लेको पिच शुरु भएको छ। आगामी वर्ष मिलनचोक भोगसिङ्ग होश्राङ्गदी र लुंखु वालाकोट होश्राङ्गदी कालो पत्रेको कामको शुरुवात हुनेछ । महाशिला गाउँपालिका राष्ट्रिय राजमार्गमा जोडिने भएको छ । पामे भदौरे राम्जा कार्कीनेटा धण्टे पाखापानी लुंखु भोगसिङ्ग होश्राङ्गदी उराम सेतीवेनी हुदै गुल्मी सम्मको वाटोले हाम्रो कनेक्टीभेटी र पर्यटन विकासमा ठूलो टेवा पुग्नेछ। आर्थिक विकासमा ठूलो मद्धत मिल्ने छ। यसैगरी वार्ड केन्द्रमा पिचवाटो र सवै वस्तिमा वाटोको पहुँचको विकास ३ वर्षमा हामीले गरेका छौ ।
- विद्युतको विकासमा सवै काठका पोलको विस्थापन र फलामेपोल युक्त गाउँपालिका गण्डकी प्रदेशमा पहिलो भएका छौ ।

- हामी सवै अत्यावश्यक सेवाका पूर्वाधार निर्माण, स्वास्थ्यका भवनहरु, वार्ड कार्यालयका भवनहरु, कम्प्युटर, ईमेल, व्याकअप जस्ता सवै सेवामा गाउँपालिकाले लगानी गरेको छ । जुनकाम सुविधा सम्पन्न नगरपालिकाले समेत गर्न सकेका छैनन् । गाँउपालिका, प्रदेश र केन्द्र सरकार मिलेर पाखापानी, वालाकोट र भोगसिङ्गको स्वास्थ्य भवन निर्माण आगामी वर्ष देखी सुरु हुनेछ ।
- पर्यटन पूर्वाधारमा ३ वटा स्थानमा महाशिला, पैयूकोट र चिसापानीको काम शुरु गरेकाछौ । क्रमश सवैको पर्यटकिय क्षेत्रको डिपिआर वनाई काम गरिने छ ।

**<u>विपत तथा वातावरण संरक्षण :</u>**

- महाशिला गाउँपालिकामा विपत व्यावस्थापन कोष निर्माण गरी आकास्मिक दुर्घटनामा सहयोग, जटिल रोगमा आर्थिक सहयोग अन्य समुहगत सहयोग र राहत सहयोग व्यवस्थित रुपमा गरेका छौ र हामी नागरिक प्रति जवाफदेही छौ ।
- हामी खाद्य सुरक्षाकालागि मानव र वन्यजन्तुको द्धन्द व्यावस्थापन वाँदर नियन्त्रण कार्यक्रम सम्पन्न गरेका छौ । यसवाट पनि सफलता मिलेको छ ।
- स्थानिय पोखरी संरक्षण काममा करिव महाशिलाका लोप हुन लागेका करिव ३० वटा पोखरी संरक्षण गरेका छौ ।
- डाँले घाँस, अन्य आधुनिक घाँस साथै फलफुलका विरुवा वितरण गरेर वातावरण संरक्षण गरेका छौ ।
- यस वर्ष स्थानिय वन ऐन निर्माण गरी सामुदायिक वन समुहहरुको व्यावस्थापनमा जोड दिने सोच रहेको छ ।
- सवै वार्डलाई सर सफाई र वातावरण मैत्रीवार्ड वनाउने धोषणा गर्ने चरणमा छौ ।

**<u>संस्थागत सेवा प्रवाह र शुसासन :</u>**

- सवै वार्ड कार्यालय, विषयगत कार्यालय र गाउँपालिकाको अत्यावश्यक सेवा प्रवाहकालागि आफ्नै भवनहरुको व्यावस्थापन गरिएको छ ।
- आवश्यक सवारी साधन र औजार उपकरण साथै कम्प्युटर ईन्टरनेट व्यावस्था गरिएको छ ।
- वार्डस्तरमा समेत ईन्जिनियर प्राविधिक, कृषि, पशु सेवाका प्राविधिक, कार्यालय सहायक स्तरका कर्मचारी साथै महाशिला विकास स्वयंसेवक समेत व्यावस्थापनमा सवै सेवा प्रवाह सहज वनाउने प्रयत्न गरिएको छ ।
- विकास र प्रशासनिक खर्चमा मितव्ययी वनाई ८०% विकास र २०% प्रशासनिक खर्चमा सवै कर्मचारी पदाधिकारीको खर्च व्यावस्थापन गरिएको छ ।
- महिला स्वास्थ्य तथा जेष्ठ नागरिकहरुको सेवालाई विशेष जोड दिई स्थानिय रुपमा नै सेवा दिईएको छ ।
- आवधिक योजना निर्माण गरी दिर्धकालिन विकासको शुरुवात गरिएको छ ।
- स्थानिय सरकार, प्रदेश सरकार र केन्द्र सरकारसंग समन्वयलाई व्यवस्थित गरिएको छ ।
- आवश्यक ऐन, नियम र कानुन निर्माण गरिएको छ ।
- न्यायिक समितीलाई क्रियासिल वनाईएको छ साथै विभिन्न विषयगत समिती साथै लेखासमिती समेत गठन गरि कामको शुरुवात गरिएको छ ।
- कर्मचारी लगायतको विभिन्न मानवसंसाधन क्षमता विकासको कामहरु गरिएको छ ।
- वार्षिक निति तथा योजना र वजेट किताव नियमित प्रकाशन गरिएको छ ।
- सवै सूचना सार्वजनिक गर्ने र गाउँपालिकाको वेवसाईडमा प्रकाशन गर्ने गरिएको छ ।
- खरिद प्रक्रियालाई पारदर्शी वनाउन ईटेण्डरको व्यावस्थापन गरिएको छ ।
- सवै कामको होडिङ्गवोर्डको व्यावस्थामा जोड दिईएको छ ।

हामीले थालेका अभियान विशेष कार्यक्रमहरु आज राष्ट्रिय कार्यक्रम वनेका छन् । हामीले यसमा गौरव नै गर्नु पर्दछ । यस गाउँपालिकामा विद्यमान् आर्थिक विकासका क्षेत्रमा जोड दिई महाशिला विकास स्वयंसेवक कार्यक्रम विगत २ वर्ष देखी संचालनमा ल्याएकोमा आज संघ सरकारले पनि गत वर्षदेखी प्रधानमंत्री रोजगार कार्यक्रमको रुपमा वजेट कार्यक्रम आएको छ ।
यसै गरी विद्यालय दिवा खाजा कार्यक्रम हामीले महाशिलामा विगत देखी नै शुरु गरेका थियौ, यस वर्ष देखी संघ सरकारले पनि निति कार्यक्रममा त्यो कार्यक्रम राखेको छ ।
हामीले शुरु देखी नै एक घर एक धाराको अवधारणा काम गरेको थियौ । आज केन्द्र र गण्डकी प्रदेश सरकारले निति कार्यक्रममा ल्याएको छ ।
फलामेपोल युक्त गाउँपालिका वनाउने घोषणा गरेका थियौ, गण्डकी प्रदेशले पनि कार्यक्रममा समावेश गरेको छ । यसै लिमे, पारकोटे भैसीसंरक्षण कार्यक्रम गत वर्ष देखी महाशिला गाउँपालिकाले शुरु गरेकोमा यस वर्ष गण्डकी प्रदेश सरकराले पनि वजेट निति कार्यक्रममा ल्याएको छ । माथिका कामवाट महाशिलाले लिएका निति कार्यक्रम सही र तथ्यपरक छन् भन्ने दावी गर्न सक्छौ ।
हामी स्थानिय श्रोतको परिचालनकालागि स्थानिय वन ऐनको वनाई सामुदायिक वनमा जडिवुटी साथै काष्ठ उपयोग योजना र गैरकाष्ठ वन पैदावारको खेती उपयोग गर्नकालागि र उद्यम स्थापनकालागि जग्गा लिजमा दिने व्यावस्था र आवश्यक सहयोग गर्ने र स्थानिय सरकारको तर्फवाट गैसस र निजि क्षेत्रलाई काम गर्ने वातावरण सृजना गरिने छ ।  स्थानिय वन ऐन थोरैमात्र पालिकाहरुले निर्माण गरेका छन् ।
स्थानिय समुदायको निजि र विभिन्न संघ संस्थाको नाममा रहेको वाँझो तथा उपयोग नभएको जमिन लिजमा लिई लगानी गर्न चाहने सहकारी, कम्पनी र निजि क्षेत्रलाई दिने र उत्पादनमा महाशिला विकास स्वयंसेवकको समेत परिचालन गरी उत्पादन वढाउने सोच रहेको छ । सो को लागी गाँउपालिकाले आवश्यक पूर्वाधार वाटो, पानी र वत्ति जस्ता काममा सहयोग गर्ने छ ।
धार्मिक पर्यटन, साहसिक खेल, पर्या पर्यटनकालागि निजि क्षेत्र सहितको साझेदारी गर्ने जस्ता अभियानमा गाउँपालिकाको श्रोत साधनहरुको परिचालनमा जोड दिईने छ । हामीले यस गाउँपालिकाको अपेक्षित उपलब्धि हासिल केन्द्र तथा प्रदेश सरकार साथै विभिन्न दातृ निकायहरुसंग साझेदारीमा जोड दिईने छ ।
महाशिला गाउँपालिकाले अहिले पनि आफ्नो आन्तरिक आयको वृद्धिकालागि विभिन्न क्षेत्रमा रहेका ढुङ्गा, स्लेट, गिट्टी, वालुवा साथै काष्ठ र गैर काष्ठवन पैदावारको निकासीमा जोड दिन दिईने छ । यसै गरी गाउँपालिकाको फलामखानी संचालनकालागि केन्द्र सरकारको ध्यानकार्षण गराउँन चाहन्छु । विभिन्न स्रोतहरुको पहिचान, उपयोग, तथा समूचित व्यवस्थापनकालागि जोड दिन जरुरी रहेको छ । जनता विचमा हामी सुखी विकासको दायित्व स्थानिय सरकारको हो भने खुसी विकासकालागि समुदायका आम जनताको स्वयंले सोचमा फराकिलो भावना ठूलो वनाउनु पर्दछ भन्दै सुखी र खुसी विकास नभई दिगो विकासको परिकल्पना गर्न सकिदैन भन्ने सन्देश दिन चाहन्छु ।

महाशिला गाउँपालिकाले बजेट निर्माण गर्दा निम्न प्राथमिकताका क्षेत्रहरु निर्धारण गरिएको छ । महाशिला गाउँपालिकाको आन्तरिक श्रोत, केन्द्र र प्रदेश सरकारको समानीकरण वजेट र राजश्व वाँडफाँडको रकमको आर्थिक विकास ३० प्रतिशत सामाजिक विकासमा १२ प्रतिशत, पूर्वाधार विकासमा ५३ प्रतिशत, वन, वातावरण र विपत व्यावस्थापनमा ३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा २ प्रतिशत वजेटको व्यावस्थापन गरिएको छ । जसमा शसर्त वजेटवाट आएको केन्द्र र प्रदेश सरकारका कार्यक्रम, विशेष अनुदानका कार्यक्रम, आयोजना तथा परियोजनाको रकम वाहेकको यो श्रोत स्थानिय सरकारले परिचालन गर्ने छ ।

जसकालागि आ.व. २०७७०७८ का लागि विषयगत नीति तथा कार्यक्रमहरु यस प्रकार रहेकाछन ।

**विषयगत नितिहरु**

## क). आर्थिक विकास समिति

१. कृषि विकास सम्वन्धी आवधिक तथा दीर्घकालिन योजना निर्माण गरि कृषि जन्य तथा पशुजन्य उत्पादन वढी हुने क्षेत्रलाई पकेट क्षेत्र घोषणा गरि सुविधा र अनुदानको रकम उपलव्ध गराउने नीति लिइने छ । निजि क्षेत्र र स्थानिय समुदाय र गैरआवाशिय नेपाली लगायत समेत लगानीकालागि आवह्ान र वातावरण तयार गरिने छ ।

२. महाशिला विकास स्वयंसेवक कार्यक्रमलाई निरन्तरता दिदै एक घर एक रोजगारको नीति अवलम्वन गरि सवैलाई व्यावसायिक वनाई, लघुउद्यम व्यवसायलाई प्रोत्साहन गर्न सवै खाले प्रयास गरिनेछ ।

३. लिमे, पाराकोटे जातका भैँसी र पाडापाडीहरुको संरक्षण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । होश्राङ्गदी र फलामखानीमा विशेष र अन्य सवै वार्डमा गरि भैसी सुत्केरी खर्च र पाडा पाडी संरक्षण वापत रु.५०० सवै भैसी वापत पशु कार्यालयका प्राविधिकको समन्वयमा वार्ड कार्यालय मार्फत सुत्केरी खर्च दिने र यदी कसैले पाडापाडी नपाली काट्न दिने र खाने दुवैलाई जनही रु. १००० जरीवाना समेतको निति अपनाईने छ ।

४. स्थानिय गाई, भैसी, वाखा,कुखुरा,सुँगुरहरुको संरक्षण साथै नश्लसुधारको कार्यक्रम संचालन गरिने छ । जसकालागि प्रोत्सहान भत्ताको व्यावस्था गरिने छ ।

५. महाशिलाका सवै पर्यटकिय क्षेत्रको गुरुयोजना र वातावरणिय अध्ययन IEE,EIA वनाउने काममा गरिनेछ ।

६. गाउँमा उद्यम, घरमै रोजगारी, घर फर्क प्यारा प्यारी कार्यक्रम संचालनगरी विदेशवाट फर्केका युवालाई व्यावसायिक ऋणमा वार्षिक छुट व्याज अनुदान कार्यक्रम संचालन गरिनेछ ।

७. कृषिवाली तथा पशु विमा अभियान सञ्चालन गर्ने नीति लिइनेछ । जसमा कृषकलाई लाग्ने प्रिमियमको ५० प्रतिशत खर्च (५ टनेल, ५ माउ बाखा, गाई/भैसी २, जग्गा ३ रोपनी भन्दा माथि) गाउँपालिकाले सहुलियत प्रदान र सो को व्यवस्थापन कृषि तथा पशु विकास शाखाले वार्डकार्यालय मार्फत गरिने छ ।

६. अनिवार्य रुपमा एक घर एक पेशा भन्ने नाराका साथ मागमा आधारित आयआर्जन कार्यक्रम लागु गरेर विशेषत दलित, महिला, विपन्न तथा वेरोजगार युवाहरुलाई विशेष प्राथमिकता दिई कार्य अगाडी बढाउने नीति लिइनेछ। जसकालागि आवश्यक तालिम तथा औजार उपकरणमा अनुदानको व्यावस्था गरिनेछ ।

७. सहकारीलाई वढवा दिन सामूहिक खेती प्रणलीकालागि वार्ड कार्यालयले काम गर्ने गरी आवश्यक सहयोगमा जोड दिइने छ । हाई टेक प्रविधिकालागि प्रदेश सरकारको समन्वयमा घर निर्माणमा समेत सहकार्य गरिनेछ ।

८. प्रत्येक वडामा कृषि र पशुपालन सहजकर्ता र पशु तथा कृषि जेटीए सेवाको पहुँच विस्तरमा जोड दिईने छ । ।

९. मासु जन्य, दुधन्य तथा तरकारीमा आत्मनिर्भर हुनको लागि कृषकहरुलाई व्यवसायीकरण गर्दै कोल्डरुम निर्माणको लागि प्रदेश सरकारको सहयोगमा चिस्यान केन्द्र र कोल्ड रुप वनाउन पहल गरिने छ ।

१०. गाउँपालिका भित्रका कृषि उपजहरुको समर्थन मूल्य निर्धारण गर्न मूल्य निर्धारण समिति गठन गरिनेछ ।

११. पैँयुकोट, चिसापानी, महाशिला, धुँवाकोट, गोर्ल्याङ्ग तथा अन्य सम्भाव्य क्षेत्रमा केवलकार साथै प्यारग्लाइडिङ, क्यानेनिङ, रक क्लाइमिङ्ग संचालन तथा पर्यटन विकासको लागि प्रारम्भिक सम्भाव्यता अध्ययन र नीजीक्षेत्रको साझेदारीमा लगानी प्रवर्द्धन गरिनेछ ।

१२.स्थानिय रुपमा प्रत्येक वार्डमा वार्ड कार्यालयको समन्वयमा १/१ वटा सहकारी पसल संचालनमा ल्याउने निति अपनाईने छ ।

१३. खेत र अन्य खेती योग्य जमिन बाँझो राख्ने कृषकलाई निरुत्साहित गर्ने नीति लिइनेछ । यदी जग्गा धनी साथै सार्वजनिक जमिनको उपयोगका लागि वार्ड मार्फत जग्गा लिजमा लिई व्यावसायिक उत्पादनकालागि व्यक्ति तथा सहकारी, समुहलाई दिने निति लिईने छ । यदी वार्ड कार्यालयमा निवेदन र जानकारी साथ स्वयं आफुले खेती गरेमा रोपनीको रु.५०० र अरुको

जमीनमा खेती गरेमा रु.१००० गाउँपालिकाले अनुदान दिने छ। कोही जग्गा धनीले खेती नगरी जग्गा बाँझो राखेमा मालपोतमा डवल दस्तुर तिर्नु पर्ने छ।

१४. मौरी तथा मह उत्पादनमा वृद्धि गरि बजारीकरण गर्ने नीति लिइनेछ । जसकालागि चरन क्षेत्र विकास र व्यावसायिक उत्पादनमा अनुदानको व्यावस्था गरिने छ।

१५. कृषिमा यान्त्रिकीकरण गर्न २५%देखि ५०% सम्म व्यवसायिक कृषक र कृषक समूहलाई अनुदानको व्यवस्था गरिनेछ।

१६. यस महाशिला गाउँपालिका अन्तरगतका आर्थिक विकास योजना तथा अन्य पूर्वाधार क्षेत्रका कार्यक्रमहरुमा केन्द्र, प्रदेश सरकार र अन्य साझेदार संस्थासँग साझेदारी गरी कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक समपुरक कोषको व्यवस्था गरिनेछ। जसकालागि गाउँपालिका स्तरका योजना छनौट गरिने छ।

१७. स्थानीय उत्पादनलाई जोड दिइ ग्रामीण अर्थतन्त्रमा सुधार गर्नकालागि हरेक वार्डमा १५ दिन वा मासिक हाट वजार र पर्व बिशेष वा समय अनुसार मेला एवं महोत्सवहरु सञ्चालन गर्ने नीति लिईने छ। जसका लागि संवन्धित वार्डहरुले व्यावस्थापनको काम गर्ने छन्।

१८. परम्परागत कृषि प्रणालीमा परिवर्तन गर्नका लागि ग्रामीण कृषि व्यवसायलाई आधुनिकीकरण जोड दिन सहकारी फर्म खेती गर्ने कार्यका लागि संस्थागत सहयोग गर्ने नीतिलाई अगाडि बढाईने छ। जसका लागि अनुदानको समेत उचित व्यावस्था गरिने छ। जसकालागि हाल होश्राङ्गदी र वालाकोटमा ५०/५० रोपनीमा कफीको व्यावसयिक खेतीको शुरुवात र फलामखानीमा चिया खेतीको विस्तार भएकोमा अन्य वार्डहरुको सभाव्यता अध्ययन गरी कार्यक्रम संचालन गरिने छ।

१९. उद्योगग्राम स्थापना गर्नका लागि प्रदेश सरकारसँग समन्वय गरी उद्योग क्षेत्रको विकास गर्ने गरी यसै वर्ष देखी भल्पु र सम्मेनी क्षेत्रलाई उद्योगग्राम वनाईने छ।

२०.महाशिला गाउँपालिकाका महत्वपूर्ण पर्यटकीय स्थल पैयूंकोट, चिसापानी लगायतका स्थलमा केवलकार सञ्चालनको लागि प्रदेश सरकारको सहलगानीमा साम्भाव्यता अध्ययन गरिने नीति अवलम्बन गरिने छ।

२१. किवी खेती, एभोकाडो र चियाखेतीको परिक्षणकालागि ईच्छुक किसानहरुलाई आवश्यक व्यावस्थापनमा सहयोग गरिने छ।

२२. पक्की र व्यवस्थित सडक र घर छेउमा फुल रोपण पुष्पगाउँ वनाउन टोल विकास संस्थासंग सहकार्यमा गाउँ विकास र घोषणा गरिने छ।

२३. यस वर्ष देखी महाशिला उत्पादन महाअभियानको कार्यक्राम अन्तरगत उत्पादनलाई वढावा दिन प्रति लिटर दुधमा रु. १०, खसीवोका जिउँदो मासुमा प्रति केजी २५ र ताजा तरकारीमा प्रति केजी ५ अनुदान सहकारी मार्फत गरिने छ। जसमा कार्य विधि वमोजिम सहयोग गरिने छ।

२४. सशर्तको वजेटमा भएका कार्यक्रममा दोहोरोपना नहुने गरी पकेट क्षेत्रका र पूर्वाधारका कार्यक्रमहरुमा समपुरकको रुपमा कार्यक्रममा विशेषत उत्पादन वजारीकरणमा सहकार्य गरिने छ। व्यावसायिक फर्म संचालन गर्ने कृषकहरुलाई एकमुष्ट अनुदानको व्यावस्था गरिने छ। आवश्यकता अनुसार कृषकहरुलाई अर्गानिक खेतीकालागि जैविक विषादी तालिम कृषक पाठशाला संचालन गरिने छ।

२५. मत्स्यपालन तथा च्याउ खेतीकालागि कृषकको माग वमोजिम तालिम र खेती विस्तारमा विशेष पहल गरिनेछ।

२६. अध्यक्ष नमुना कृषि तथा लघुउद्यम गाँउ कार्यक्रम संचालन गरी कृषकको दिगो आय आर्जनकालागि कार्यक्रम संचालन गरिनेछ। जसकालागि प्रस्ताव आवह्तन गरी लघु उद्यम विकास कार्यक्रम मार्फत कार्यक्रम संचालन गरिने छ। जसकालागि अन्य गैससहरुलाई समेत परिचालन गरिने छ। जसमा सामुहिक उद्यम, सामुहिक पकेट, सामुहिक पशुपालन, तरकारी खेती नर्सरी गर्ने गरी १ वस्ति न्यूतम ५ घर १ व्यावसाय सामुहिक उत्पादन सहकारीकरण वजारीकरण साथै नयाँ प्रविधि विकासमा काम गरिने छ।

२७. स्थानिय उद्योगको संभाव्यता हेरी फलामखानी, पाखापानीमा रातोमाटोको उद्योग र वार्डस्तरमा ढुँगा कटाई उद्योगसंचालनमा जोड दिईने छ।

२८. महाशिला गाउँपालिकाले कोभिड्ड १९का कारण आगामी वर्ष खाद्य संकट पर्न सक्ने कुरालाई मध्यनजर गरी यसै वर्ष देखी महाशिला विकास स्वयंसेवक परिचालन गरी स्थानिय बाँझो जमिनमा खेती गर्ने गरी गाउँपालिकाले विशेषत: यस वर्ष कोदो खेती गर्ने काम थालेको छ । जसवाट खाद्य सुरक्षा साथै हरेक वार्डमा खाद्य वैकको स्थापना गरिने छ। कार्यविधि वनाई उत्पादनको समर्थन मुल्य तोकी गाउँपालिकाले कृषकवाट विक्रि हुन नसकेको उत्पादन खरिद गरी सुलभ रुपमा विक्रि वितरण र अनिवार्य वजारीकरण गरिने छ ।

२९. यस महाशिलाको गाउँपालिका भित्रको निजि, सामुदायिक, वन, सरकारी, प्रर्तिजग्गाको विवरण तयार गरी स्थानिय रुपमा उपयोगकालागि कार्यविधि वनाई यसै वर्षवाट काम थालिने छ ।

३०. निजि, सामुदायिक, वन, सरकारी, प्रर्तिजग्गाकामा विभिन्न जातको घाँस विकास गर्ने र स्थानिय घाँस सहितको दाना उद्योग संचालनकालागि केन्द्र र प्रदेश सरकारसंग सहकार्य गरिने छ ।

३१. लोप हुनलागेका स्थानियजातका घान, मकै, फापर, भट्ट,कोदो, मास, गहत, आलु जस्ता उत्पादनको संकलन र विउ वैक स्थापना गरिनेछ ।

**ख) सामाजिक विकास समिति**

**शिक्षा**

१. यस महाशिला गाउँपालिका भित्रका वाल कक्षा देखि कक्षा २ हुदै क्रमश मावि सम्म आवस्यकता अनुसार नेपाली /अंग्रेजी दुवै माध्यमबाट अध्यापनको व्यवस्था मिलाई शिक्षामा सवै विद्यालयलाई ICT को प्रयोगमा पहूँच सुनिश्चितताको नीति क्रमिक रुपमा अपनाउदै गइनेछ । यसै गरी महाशिला गाउँपालिकाले शुरु गरेको दिवा खाजा कार्यक्रम यस वर्ष देखी ससर्त अनुदानको रुपमा नेपाल सरकारले कक्षा १ देखी ५ सम्म यो कार्यक्रम लागु हुनेछ ।

२. शैक्षिक सामग्रीको अभावमा शिक्षाको अवसरबाट वञ्चित विद्यार्थीहरुलाई आवश्यक शैक्षिक सामग्रीको व्यबस्थापन गरिने नीति लिइनेछ ।

३. शिक्षकको पेशागत क्षमता अभिवृद्धिकालागि  विज्ञान तथा प्रविधिसंग सम्वधित विषय क्षेत्र समाविष्ट गरी तालिमको व्यवस्थापन  गर्ने नीति यस बर्ष देखि प्रभावकारी रुपमा आबलम्वन गरीनेछ ।

४. शिक्षामा पहुँचबाट गुणस्तर तर्फ जाने राज्यको नीति अनुरुप सवै बालबालिकाको आधारभूत  शिक्षामा पहुँच सुनिश्चित गर्ने आवस्यक सबै ब्यवस्था मिलाइनेछ साथै  विद्यालय शिक्षाको पहुँचबाट वञ्चित गराइएका वालवालिकाका अभिभावक तथा परिवारहरुलाई वडा तथा गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधामा आंशिक वा पूर्ण रुपमा वन्जेद लगाउन सक्ने नीति  समेत लिइनेछ ।

५. विद्यालय सुशासन प्रवद्धन गर्ने नीति अनुरुप विद्यालयमा ई-हाजिरी तथा बैज्ञानिक लेखा प्रणाली अवलम्बन गर्ने अनिवार्य गरिनेछ ।

६. विद्यार्थी सिकाईलाई थप व्यवस्थित गराउन Home work Dairy को प्रयोग तथा अतिरिक्त कक्षाहरु संचालनको व्यवस्था मिलाइने छ ।

७ समाजिक परीक्षण, विद्यालय सुधार योजना र त्यसको कार्यान्वयन तथा विद्यालयको शैक्षिक वातवरणको आधारलाई प्र.अ. तथा शिक्षकको मूल्याङ्कनको आधार बनाई पुरस्कार र सचेतनाको नीति अवलम्वन गरिनेछ ।

८. सम्पूर्ण शैक्षिक क्षेत्रलाई प्लाष्टिक तथा जंक फुड निषेधित क्षेत्रको रुपमा विकास गरिने छ ।

९. यस गाउँपालिका भित्र सञ्चालित व्यवसायिक प्राविधिक शिक्षालयलाई क्रमिकरुपमा उच्च शिक्षा हासिल गर्ने बहुप्राविधिक शिक्षालयको रुपमा अगाडी बढाउने नीति लिइनेछ  साथै कलेज खोल्न समेत निजि क्षेत्रसंग समेत सहकार्यमा  पोलिटेक्नीक स्थापनाकालागि पहल गरिने छ ।

११. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न शिक्षकको क्षमता अभिवृद्धि गर्न शैक्षिक तालिम सञ्चालनको लागि प्रदेश सरकार संग सहकार्य गर्ने नीति अवलम्बन गरिने छ ।

१२.ज्ञान नै शक्ति हो भन्ने भावना जागृत गराउदै सवैमा पढ्ने बानीको विकास गर्न गाउँपालिका स्तरमा एउटा सार्वजनिक पुस्ताकालय निर्माणको लागि प्रदेश सरकार संग सहकार्यको नीति अवलम्बन गरिनेछ ।

१३.फुर्सदको समयको सदुपयोग गर्दै आपसी भेटघाट र ज्ञानज्ञुनका कुरा साटासाट गर्ने उद्धेश्यले गाउँपालिकाम एउटा अन्तरपुस्ता संवाद स्थल तथा उद्यान निर्माणको नीति अवलम्बन गरिने छ ।

१४.शैक्षिक क्षेत्रलाई व्यवसायिक र प्रविधि मैत्री बनाउन एक शिक्षक एक ल्यापटपको र एक कक्षा एक प्रोजेक्टरको नीति अवलम्बन गरिने छ ।

१५.आपतकालीन बाढी पहिरोबाट जोखिममा रहेको बस्तीहरु स्थानान्तरण गर्न प्रदेश सरकारसंग सहकार्य गर्ने नीति अवलम्बन गरिने छ ।

१६. विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालनलाई वढवा दिने र रेडक्रस सर्कल, स्काउट, वालक्लव गठन गर्ने तथा सामुहिक क्रियाकलापमा विद्यार्थीहरुलाई परिचालन गर्ने कार्यलाई अगाडी बढाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

१७. विद्यालयमा शिक्षकहरुले कक्षा कोठामा पढाउने समय प्रत्येक पिरियर्डमा कम्तिमा ३५ मिनट कक्षा कोठामा विताउनु पर्ने छ ।

१८. पालिका भित्र सञ्चालि विद्यालयहरुमा विद्यालय स्वास्थ्य कार्यक्रमलाई शुरुवातको रुपमा अगाडी बढाइने छ ।

१९. असाहय तथा अभिभावक विहिन वालवालिकाहरुलाई विद्यालय शिक्षाको सुनिश्चित गर्न 'असाहय विद्यार्थी सँग अध्यक्ष' कार्यक्रम प्रभावकारी रुपमा लागु गरिनेछ ।

२०. विद्यालयमा सञ्चालन हुने वार्षिक परीक्षालाई थप व्यवस्थित गर्नका लागि पालिका स्वयंले दायित्व लिन परीक्षा सञ्चालन, व्यवस्थापन तथा निर्देशन समिति गठन गरि सम्पूर्ण परीक्षाहरुलाई व्यवस्थित गरिने नीति लिइनेछ ।

२१. पालिका स्तरमा विभिन्न शैक्षिक क्रियाकलाप तथा प्रतियोगितात्मक गतिविधिहरुलाई प्राथमिकताका साथ अगाडी बढाउन सवै प्रयासहरु गरिनेछ ।

२२. विद्यालयमा कार्यरत बाल सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीको मनोवललाई उच्च बनाउन विशेष प्रोत्सहान उपलव्ध गराउने नीति लिइनेछ ।

## महिला

१.महिलाको मागका अधारमा उद्यम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरी आय आर्जनमा बृद्धि गर्ने ।

२.समाजमा रहेका लैंगिक हिंसा तथा विभेदको अन्त्य गर्ने प्रयत्न गरिने छ ।वडा स्तरमा मेलमिलाप सहजकर्ता र केन्द्रको स्थापना गरिने छ ।

३. सूरक्षित मातृ शिशु सेवा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

४.एकल वा विधवा महिलाको जीविकोपार्जनका लागि एक सुरक्षा कोषको सञ्चालनको व्यवस्था गरिने छ ।

५. व्यवसायिक आय आर्जनको क्षेत्रमा जोड दिइनेछ ।

६.महिला शहकारी मार्फत परिचालित रकम आय आर्जन र सामाजीक क्षेत्रमा रकम परिचालन गर्न जोड दिइनेछ ।

७.सकारात्मक विभेदको नीति अवलम्वन गरी व्यवसायिक गतिविधि प्रवर्द्धन महिलालाई प्राथमिकता दिइने छ ।

८. विगतको जि.स.स. तथा अन्य संघ संस्थाबाट प्राप्त हुने सामाजिक क्षेत्र विकासको (सहकारी तथा अन्य स.सं.) रकम सामाजिक क्षेत्रबाट सार्वजनिक गराउने व्यवस्था गराइनेछ ।

९. यस महाशिला गाउँपालिका क्षेत्रभित्र अवैधरुपमा सञ्चालित मदिरा व्यवसायि तथा हुने सेवनका कारण महिला, बालबालिका तथा बृद्ध बर्ग समेत पिडीत भएको भनी ठूलो गुनासो आएको हुँदा यसका नियन्त्रणका लागि "जाँड रक्सी, जुवा तास, गर्छ यसले सर्वनाश" भन्ने नाराका साथ सबैलाई सचेत गर्दै यसको नियन्त्रणका लागि महिला समुह र आमा समुह परिचलानको निति लिईने छ ।

१०. सुत्केरी स्याहार कार्यक्रमलाई प्रभावकारी वनाउन अध्यक्ष सुत्केरी भेटघाट कोसेली कार्यक्रममा लोकल कुखुरा वा ध्यू कोसेली दिई शुरु गरिने छ ।

## बालबालिका

१ प्रत्येक वडामा बाल सञ्जाल पुर्नगठन गरी वालमैत्री वडा घोषणा कार्यक्रमलाई क्रमिकरुपमा अगाडी वढाईने छ । यस वर्ष देखी वार्ड नं. ५ लाई वालमैत्रीवार्ड धोषणा गर्दै सवै वार्डमा कार्यक्रम विस्तार गरिने छ । सो कामकालागि वालवालिकाको क्षेत्रमा काम गर्ने स्थानिय गैससलाई परिचालन गरिने छ ।

२.बालविवाह, बालशोषण जस्ता गैरकानुनी प्रथाको अन्त्य गर्ने प्रयत्न गरिने छ ।कानुनी सचेतनता कार्यक्रम संचालन गरिने छ ।

३. सवै तहका बालबालिकालाई शिक्षाको मुल धारमा ल्याउन आवश्यक सवै प्रवन्ध मिलाईने छ ।

४. सबै वार्डमा घरमा सुत्केरी गराउने नभई स्वास्थ्य संस्थामा सुत्केरी गराउने व्यावस्था गर्ने तथा जन्म कार्डका आधार मानेर वार्ड कार्यालयले जन्म दर्ता गर्ने निति लागु गरिने छ ।

## अपाङ्ग लक्षित कार्यक्रम सम्बन्धि नीतिहरु

१.सार्वजनिक स्थल तथा सबै भौतिक संरचनाहरु निर्माण गर्दा अनिवार्यरुपमा अपांग मैत्री बनाउनुपर्ने नीति लिइनेछ ।

२. अपाङ्गको वर्ग पहिचानगरि क्षमता अनुसार व्यावसायिक बनाउने जस्तै : घुम्तीपसल, खुद्रा पसल, कुखुरापालन, तरकारी खेती, रेडियो प्रस्तोता, उद्घोषण, घडी, रेडियो, मोवाइल मर्मत सिलाई, कटाई, वुटिक, व्युटिपार्लर जस्ता सीपहरुको प्रवन्ध गराई आत्मनिर्भर बनाईनेछ ।

३. अपाङ्गहरुको सहज आवातजावत गर्नको लागि आवश्यकता अनुसार ह्वील चियरको व्यवस्था गरिनेछ ।

४. अपाङ्गहरुलाई आन्तरीक आयबाट व्यहोर्ने गरी एक अपाङ्ग सामाजिक सुरक्षा कोष स्थापना गरिनेछ ।

५. अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरि अपाङ्गता परिचय पत्र उपलब्ध गराउने कार्यलाई तदारुकताकासाथ अगाडी वढाईनेछ ।

६. नियमित शिक्षा, विशेष शिक्षा, र सीपमा अपाङ्गताको प्रकृति र उमेर हेरेर अनिवार्य गरिनेछ ।

७. “क” वर्गका अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरि व्यवसाय तथा आयआर्जनमा घर परिवारहरुलाई संलग्न गराइनेछ ।

## जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा संवन्धी नीतिहरु

१. जेष्ठ नागरिक, एकल महिला परिचय पत्र र नविकरण वार्ड तथा उपयुक्त स्थानहरुमा शिविर संचालन गरी उपलब्ध गराईने छ ।

२. सबै वार्डका स्वास्थ्य संस्थाहरुको समन्वयमा मासिक रुपमा जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण कार्यक्रम संचालन गरिने छ ।

३. जेष्ठ नागरिकहरुको दिवा स्याहार केन्द्र स्थापनाको शुरुवात २ वार्डवाट शुरु गरिने छ । क्रमश विस्तार गर्दै लगिने छ ।

४. ६० वर्ष माथिका जेष्ठ नागरिकको उपचार विमा साथै उपचारकालागि एम्वुलेन्स प्रयोगमा २५ प्रतिशत छुट दिईने छ ।

५. विपन्न र गरिवको परिचयपत्र वार्ड स्तरमा लागु गरिने छ । यस्ता व्याक्तिहरुलाई विभिन्न रोजगारी र अवसरमा प्राथमिकता दिईनेछ । सिफारष दस्तुरमा आधा छुट दिईने छ ।

६. ‘कुना देखी कोरा’ सम्म भेटधाट कार्यक्रम ‘महाशिला भेटी कार्यक्रम’ रुपमा हरेक व्याक्तिको मृत्यु संस्कारमा रु.५००० भेटी प्रदान गरिने छ ।

## स्वास्थ्य सेवा संवन्धि नितिहरु

१. सबै वार्डहरुमा वर्थिङ्ग सेन्टर भई सकेकोले घरमा सुत्केरी वनाउने कामलाई शुन्य पारिने छ र सो को पालिका स्तरमा यसै वर्ष गरिने छ ।

२. गाउँपालिका क्षेत्रका सबै नागरिकहरुलाई स्वास्थ्य सेवामा पहुँच बृद्धि गर्नका लागि सबै वडामा बर्थिङ सेण्टर सञ्चालनमा आइ सकेकाले भवन लगायतको पूर्वाधार विकास गरिनेछ । वार्ड नं. ४ को पाखापानीको वाईकाठमा सामुदायिक स्वास्थ्य ईकाई संचालनमा आएकोमा आवश्यकता अनुरुप अन्य वार्डमा पनि विस्तार गरि सबै नागरिकलाई १ घण्टाको शुलभ पहुँचमा स्वास्थ्य सेवा पुऱ्याइने छ । स्वास्थ्य संस्थाका भवन निर्माणकालागि जग्गाको व्यावस्था भएको हुँदा केन्द्र र प्रदेश सरकारसंग सहयोगकालागि माग गरिने छ । स्वास्थ्य सेवा विस्तारका लागि थप होश्राङ्गदी, दुक्तानमा र हिरुखर्कमा गरी तिन ठाउँमा सामुदायिक स्वास्थ्य इकाइ खोलिने छ ।

३. विभिन्न विद्यालयहरुमा स्वास्थ्य, शिक्षा, सुरक्षित मातृत्व, पोषण र खोप जस्ता विषयहरुमा विद्यालय र समुदायहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम स्वास्थ्य कर्मी परिचालन गरी संचालन गरिने छ ।

४. सबै स्वास्थ्य संस्थाहरुमा निशुल्क औषधीको आपूर्तिलाई प्राथमिक स्वास्थ्य संस्था मार्फत नियमित गरिने छ ।

५. गाउँपालिका स्वास्थ्य कर्मी र डाक्टरहरु परिचालन गरी मासिक रुपमा हरेक वार्डमा स्वास्थ्य शिविर संचालन गरिने छ । सो को व्यावस्थापन वार्ड कार्यालयवाट गरिने छ ।

६. लुंखु प्राथमिक स्वास्थ्य केन्द्रलाई केन्द्र साथै प्रदेश सरकारको समन्वयमा १५ सैयाको अस्पताल निर्माणको शुरुवात गरिने छ ।

७. यस गाउँपालिका भित्र कडा रोग लागेका जस्तै : क्यान्सर,मृगौला पिडित, मुटुरोग लगायतका बिरामीहरुलाई स्वास्थ्य उपचारमा अवस्था हेरी सहयोग रकम उपलव्ध गराउने नीति लिइनेछ।

८. सवै व्याक्तिहरुको स्वास्थ्य विमाकालागि पहल गरिने छ । विपन्नकालागि स्वस्थ्य विमाकालागि वार्ड कार्यालयले विमा शुल्कको व्यावस्थापन गर्ने छ।

९.जाँड रक्सी जुवातास गर्छ सर्वनास भन्ने नाराका साथ महाशिला गाउँपालिकाबाट जाँड रक्सी र जुवातास नियन्त्रणको नीति अवलम्बन गरिने छ। यो कार्यकालागि स्थानिय समुदाय परिचालन र गैसस समेतको परिचालन गरिने छ।

१०. यसै वर्ष देखी वर्षमा कम्तिमा २ पटक विशेषज्ञ चिकित्सकसहितको मेघा स्वास्थ्य शिविर संचालन गर्ने गरी व्यावस्था मिलाईने छ।

**खानेपानी**

१. एक घर एक धाराको नीति अवलम्बन गरिने छ जसको लागि प्रदेश सरकार र अन्य निकायहरु संग समेत सहलगानी गरिने छ ।

२. यस गाउँपालिकाका सवै घरधुरी पूर्ण सरसफाई युक्त हुनेछन्। सो कोलागि वाँकी ३ वार्डहरुमा यसै वर्ष कार्यक्रम संचालन गरिने छ। यस गाउँपालिकाका सवै घरधुरी पूर्ण सरसफाई युक्त हुनेछन् । सो कोलागि वाँकी ३ वार्डहरुमा यसै वर्ष कार्यक्रम संचालन गरिने छ।

३. पुराना मुल साथै कुवा र धाराहरु संरक्षण गरिने छ।

४. खानेपानीकालागि सवै घरलाई मर्मत र पाईप व्यवस्थापनको उचित प्रवन्ध गरिने छ।

**खेलकुद तथा मनोरञ्जन**

१. खेलको माध्यमबाट युवाहरुलाई विकास गर्न गाउँपालिका स्तरीय कृष्णगोपाल स्मृति खेलमैदानको निर्माण गर्न प्रदेश सरकारसंग सहकार्य गर्ने नीति अवलम्बन गरिने छ साथै १ वाडा १खेलमैदानको नीति लिइनेछ।

२. सवै मावि विद्यालयहरु विचमा प्रतिस्पर्धा गरि राष्ट्रपति रनिङ्गशिल्ड कार्यक्रम अनिवार्य संचालन गरिने छ।

३. पालिकास्तरमा खेलकुद विकास समिति र वार्ड स्तरमा समेत गठन गरी विभिन्न विघाका खेलकुदहरु संचालन गरिने छ।

४. पालिका स्तरमा अध्यक्ष कप संचालन नियमित रुपमा गरिने छ। अन्य विभिन्न क्लव तथा समुहका कार्यक्रमलाई सहयोग गरिने छ।

५. सवै वार्ड मनोरञ्जन पार्क साथै मेला संचालनकालागि सहयोग गरिने छ।

**संस्कृति प्रवर्द्धन**

१. विभिन्न समुदायहरुको संस्कृति प्रवर्द्धन गुरुङ्ग, मगर, नेवार, ठकुरी, दलित, वाहुनका अन्य समुदायको संस्कृति प्रवर्द्धनकालागि वार्ड स्तरमा कार्यक्रम गरिने छ।

२. धार्मिक पर्यटन विकासकालागि लगानि प्रवर्द्धन गरिने छ।

४. समुदाय विशेषका पुराना लोपहुन लागेका सामाग्री, सिप, पेशा, वाद्यवादन सामाग्री, गित, नाच र संस्कार संस्कृतिको संरक्षणमा प्रवर्द्धन गरिने छ।

**ग) पूर्वधार विकास समिति**

१. समृद्धिको आधार, हरियाली (ग्रिन) सडक हाम्रो पूर्वाधार भन्ने नारा सहित यस महशिला गाउँपालिका अन्तर्गत (क) वर्गमा रहेका ग्रामिण सडकहरु र महाशिला चक्रपथ सात मिटर चौडा गरि वाह्रै महिना सवारी साधन चल्ने गरि क्रमश विस्तार गरिने छ। सडक गुरुयोजना तयार भएका र क वर्गका सडकहरु स्तर उन्नती ग्राभेल र पिच गर्ने नीति अवलम्वन गरिनेछ। ५ किमी सडक लुंखु देउराली देखी गानावाङ्ग सम्मको सडक कालोपत्रे गरिने छ। सडक मापदण्ड विना कुनै घर टहरा र खानेपानी विजुली अन्य निर्माण निजि वा सार्वजनिक वार्ड र गाउँपालिका सहमती वेगर वनाएमा भत्काईने छ। सडक छेउमा निर्माण सामाग्री राख्ने सडक अवरोध गर्ने र सडक विगार्ने कामकालागि जरिवाना गरिने छ। निर्माण सामाग्री डम्पीङ्गको व्यावस्था सहितमात्र निर्माणको काम गर्नु पर्ने छ।

२. महाशिला गा.पा. भित्र निर्माण हुने सवै भवन र घरहरु नक्सा पास गरि भू-कम्प प्रतिरोधात्मक बनाउने नीति लिइनेछ। अव कुनै निजी र सरकारी आवाश पनि नक्सा पास नगरी वनाउन पाईने छैन।

३. ‘प्रत्येक वडामा एक वडा एक नमूना वस्ती’ निर्माणकालागि जग्गा विकास आवाश घडेरी विकासकालागि प्रस्ताव आवह्यन गरिनेछ। स्थानीय लगत तयार गरि भू-उपयोग नीति वमोजिम काम गरिने छ।

४. ‘हामी सवैको भावना, उज्यालो गाउँ बनाउने’ हाम्रो चाहना भन्ने नारालाई सार्थक बनाउन फलामे पोल युक्त महाशिला गाउँपालिका घोषणा गरिने छ। सवै सार्वजनिक स्थल, वजार चोकहरुमा सौर्य वत्ति लगायत वैकल्पीक श्रोतवाट उज्यालो महाशिला कार्यक्रमको शुरुवात गरिने छ।

५. यस गाउँपालिकाबाट सडक ट्¬याक खोल्ने र विस्तारमा २० % साथै सडकको स्टक्चर निर्माण र भवन जस्ता भौतिक निर्माणका कार्यगर्दा १०% जनश्रमदान अनिवार्य जुटाउने तथा वस्ति टोल स्तरका सडकमा र सडक मर्मतलाई ५०% स्थानिय र ५०% गाँउपालिकाको लगानी निति लिईने छ। सडक विस्तार तथा निर्माणको काम गर्दा स्टक्चर निर्माणमा ४०% र अन्य विस्तारमा ६०% को अनुपातमा लागत ईष्टुमेट तयार गर्ने व्यावस्था गरिने छ। जसवाट श्रममुलक काममा प्राथमिकता र दिगोपनामा जोड दिईने छ। पूर्वाधारका क्षेत्रहरुमा वायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गर्ने नीति लिइनेछ । पिच वाटो वरीपरी महाशिला विकास स्वयंसेवक प्रयोग गरी हरियाली, वाटोको घर वरीपरी फुल गार्डेन सहित र अन्य सफा सडकको अवधारणा अनुरुप कार्य गरिने छ।

६. यस गा.पा. भित्र लेन्ड लाइन टेलिफोन सेवा विस्तार गरि सम्पूर्ण सरकारी तथा महत्वपूर्ण बजार क्षेत्रमा इन्टरनेटको पहुँच पुऱ्याइनेछ। सूचना तथा सञ्चार क्षेत्रलाई आम जनताको पहुँचमा पुऱ्याउने नीति अवलम्वन गरिनेछ। ईन्टरनेट व्यावस्थापनकोलागि अप्टिकलफाईवर सहितको नेट प्रवन्धकालागि दूरसंचार कम्पनीसंग माग समन्वय गरिने छ। गाउँपालिका साथै सवै वार्ड क्षेत्रमा फ्रिवाईफाई जोनको क्रमिक विस्तार गरिने छ।

७. यस महाशिला गाउँपालिकाका निर्माण विकास स्वयंसेवक र प्रधानमंत्री रोजगार कार्यक्रममा काम गर्ने व्याक्तिहरुलाई ऐन र कार्यविधि वमोजिम वार्डगत निर्माणको काममा क्षमता विकास गरी योजना तोकेर वार्षिक कार्यक्रम र योजना वनाई परिचालन गरिने छ।

८. कुनै पनि सडक तथा भौतिक पूर्वाधार निर्माण गर्दा भई रहेको पूर्वाधार नोक्सान नहुने गरी गर्नु पर्ने र यदी नोक्सान हुने भए सोही योजनावाट मर्मत सम्भार गर्नु पर्ने छ। गाउँपालिकाको योजना र स्विकृति विना कुनै पनि नयाँ मोटरवाटोको ट्याक खोल्न पाईने छैन। सवै योजनाहरु साथै भवन सडक निर्माण गर्दा यस वर्ष देखी पूर्वाधार ऐनमा भएको व्यावस्थालाई कडाईका साथ लागु गरिो छ।

९. सार्वजनिक निर्माणको क्षेत्रहरुलाई पूर्ण रुपमा वालमैत्री तथा अपांगमैत्री पूर्वाधार विकासमा ध्यान पुऱ्याइने छ।

१०. सडक सुविधा विस्तारको लागि गाउँपालिकाको पूर्व स्वीकृति बमोजिम नयाँ ट्र्याक खोल्ने नीति लिइने छ।

११. यस गा.पा. भित्रका खेतीयोग्य जमिनबाट वढी उत्पादन लिन सिँचाई सुविधा व्यवस्थित गर्ने नीति लिइनेछ। जसकालागि केन्द्र र प्रदेश सरकारसंग सहकार्य गरिने छ। सिँचाई सुविधाबाट वञ्चित खेती योग्य जमिनमा आवश्यक सिँचाई गर्न लिफ्ट तथा बोरिङ्ग सिँचाई लगाएत बैकल्पिक सिँचाई प्रणालीका सवै सुविधाहरु विस्तार गर्ने नीति लिइने छ।

**घ) वन वातावरण विपत व्यावस्थापन**

१. खाली रहेको जमीनमा वृक्षरोपण गरि सरकारी तथा सामुदायिक वनमा रहेका जडीबुटीको पहिचान, उत्पादन र वितराणको व्यवस्था गर्ने नीति अवलम्वन गरिनेछ। जडिवुटी खेतीकालागि सामुदायिक वन र निजि क्षेत्रको पनि संलग्नतामा सहकारी र निजि फर्मलाई समेत लिजमा दिने निति अख्तियारी गरिने छ।

२. मुख्य सडक र शाखा सडकहरुको छेउछाउमा वृक्षरोपण गरि हरीयाली सडक बनाउने नीति अवलम्वन गरिनेछ।

३. आवधिक जलवायु अनुकुलन योजना तयार गरि सोही अनुसार कार्यक्रम लागु गर्ने नीति लिइनेछ।

४. विपद व्यवस्थापन र विश्व महामारीको रुपमा रहेको कोराना भाईरस विरुद्ध लड्नकालागि सवै स्वदेश विदेशवाट आउनु हुने महाशिलावासीको उद्धार,स्वास्थ्य जाँच, क्वारेण्टाईन निर्माण, आईसोलेसन प्रेषण, राहत र होम क्वारेण्टाईनमा वस्नकालागि साथै सवै स्वास्थ्य संस्थाहरुमा आवश्यक उपकरण, सामाग्रीहरुको व्यावस्थापनकलागि पालिकाले सवै निकाय, व्याक्ति तथा संस्थाहरु र सरकारहरुको पहलमा यो महामारीलाई पराजित गर्न आवश्यक पहललाई निरन्तर रुपमा काम गरिने छ।

५. पूर्ण सरसफाई युक्त महाशिला गाउँपालिका बनाउन साझेदारी कार्यक्रमलाई अगाडी बढाउने नीति लिइनेछ ।
६. फोहारहरुको वर्गीकरण गरि फोहोरलाई मोहरमा वदल्ने नीति लिइनेछ । जसकालागि महाशिला विकास स्वयंसेवक र स्थानिय कल्व र समुहहरुलाई परिचालन गरिने छ ।
७. प्लाष्टिक झोलाको प्रयोगमा नियन्त्रण र सो को वैकल्पिक व्यावस्था गर्न स्थानिय व्यावसायीहरु संग सहकार्य गरी सफा झोला कार्यक्रम संचालन गरी वातावरण संरक्षण गर्ने नीति लिइनेछ । जसकालागि ५० प्रतिशत अनुदानको व्यावस्था गरिने छ ।
८. वन सव डिभिजनसंग सहकार्यमा सामुदायिक वन क्षेत्रमा र अन्य क्षेत्रमा दिगो वन व्याववस्थापन कार्यक्रम संचालन गरिने छ ।
९. जलवायु परिवर्तनकलागि पालिकास्तर र वन समुहमा भएको समुदाय अनुकुलन योजना कार्यन्वयनमा प्राथमिकता दिने र जिविकोपार्जनकालागि अन्य सहयोगी संस्था, गैसस र प्रदेश एवं केन्द्र सरकारसंग कार्यक्रमकालागि सहकार्य गर्ने ।
१०. विपत व्यवस्थापन पूर्व तयारीकालागि विपत व्यावस्थापन कोष परिचालन महाशिला विकास स्वयंसेवक गाउँ रक्षक, नेपाल प्रहरी र रेडक्रस र आवश्यक औजार सहित वार्ड वार्डमा आवश्यक राहत सामाग्री र अन्य व्यावस्थापनकालागि कोष नियमित परिचालन गरिने छ ।
११. पहिरो, स साना गल्छी तथा खोलाहरुको भूक्षय रोक्न संरक्षणका कार्यक्रमहरुमा घाँस तथा विरुवा र तारजाली व्यावस्थापनमा लगानी गर्ने ।
१२. मानव तथा वन्यजन्तु विचको द्वन्द व्यावस्थापन र खाद्य सुरक्षा कार्यक्रमलाई निरन्तरता दिईने छ । जसकालागि स्थानिय समुहस्तरमा व्यावस्थापनकलागि खाद्य सुरक्षा कार्यक्रमकालागि अनुदान उपलव्ध गराईने छ ।
१३. लुंखु प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको एम्वुलेन्स व्यावस्थापन पालिका भर नै सेवा विस्तारकालागि जोड दिईने छ ।
१४.विद्युत सेवालाई निरन्तरता दिनकालागि विद्युत मेन लाईन र शाखा लाईनका वरपरीका रुखहरु १० मिटरको दुरीका सवै रुखहरु कटान गरी विद्युत सेवालाई सुचारु गर्ने र सवै जग्गाधनिहरुलाई सो जानकारी वार्ड कार्यालय मार्फत गराउने साथै यदी रुख काट्न अटेरी गरेमा रुख काट्ने काम सामुदायिक विद्युत समिति र विद्युत प्राधिकरण गर्न लगाउने सो रुख काट्ने खर्च संवन्धित व्याक्तिवाट गराईने छ ।
१६. सवै टोल विकास संस्थाहरुलाई स्टेचर उपलव्ध गराईने छ ।
१७. सिमसार संरक्षणकालागि यस महाशिला गाउँपालिकाका बाह्रै महिना पानी रहने पोखरी संरक्षणकालागि प्रदेश सरकारसंग सहलगानीमा कार्यक्रम गरिने छ ।
१८. पैरो जोखिममा रहेको वस्ति लुंखुको कुसुण्डाँडा र होश्राङ्गदीको पहारकुनालाई स्थानान्तरणकालागि केन्द्र र प्रदेश सरकारालाई अनुरोध गरिने छ । पाहार कुनाको पैरो नियन्त्रणकालागि प्रदेश सरकारलाई अनुरोध र आवश्यक पहल गरिने छ ।
१९. सामुदायिक बनलाई थप व्यवस्थित बनाउन पालिकास्तरको वन ऐन अनुसार दर्ता र व्यावस्थापन साथै नियमनलाई प्रभावकारी वनाईनेछ ।

**वित्तिय श्रोत व्यावस्थापन तथा संस्थागत सेवा प्रवाह तथा शुसासन**

१. आवधिक योजना, दिर्घकालिन योजना, अल्पकालिन योजना निर्माण गरि सोही अनुसार विकास कार्य अगाडी वढाउने नीति लिइनेछ । गाउँपालिकको वस्तुगत विवरण तयार भएको हुँदा यसै वर्ष अनिवार्य आवधिक योजना निर्माण गरिने छ ।
२. यस महाशिला गाउँपालिकाको वेरोगारहरुलाई रोजगारी सृजना गरी प्रतिव्याक्ती आम्दानीमा समेत वृद्धि गरी आर्थिक वृद्धिदर ५% हासिल गर्ने नीति लिइनेछ ।
३. कर प्रणालीलाई व्यवस्थित गरि आन्तिरक आयलाई वृद्धि गर्ने नीति लिइनेछ ।
४. जग्गाको किसिम, प्रकृति र भौगोलिक क्षेत्र अनुसार करको दायरा निर्धारण गरिनेछ ।
५. यस गाउँपालिका भित्र रहेका खानीजन्य उद्योगको सम्भाव्यता अध्ययन, उत्पादन र विक्रि वितरण गरी आम्दानी बढाउने नीति लिइने छ ।

६. तोकिएको समयमा योजना सम्पन्न गरि गुणस्तरीय कार्य गर्ने उपभोक्ता समितिलाई सम्मान गरिने छ ।
७. योजनाको पेश्की र वेरुजु निरन्तर कम गर्दै शुन्य पार्ने नीति लिइने छ ।
८. लेखापरीक्षण कार्यलाई व्यवस्थित गर्न आलेप शाखाको स्थापना गरि वित्तीय शुसासन कायम गरिनेछ ।
९. सहभागिता मूलक ढंगबाट योजना तर्जुमा र कार्यान्वयनमा जोड दिईने छ ।
१०. राजस्वबाट उठेको रकमलाई महाशिला गाउँपालिकाको जनताको लोक कल्याणकारी कार्यको लागि खर्च गरिनेछ ।
११. राजश्व वृद्धिकालागि धार्मिक, पुरातात्वीक, साँस्कृतिक र पर्यटकीय स्थलहरुको पहिचान, प्रवर्द्धन र विकास गरि आन्तरीक वाह्य पर्यटकलाई आकर्षण गरि आम्दानी बढाइनेछ ।
१२. पुनःप्रयोगीय वस्तुहरुको संकलन तथा विक्रि वितरण कार्यलाई व्यस्थित गरि आन्तरीक आम्दानीको स्रोत बढाइनेछ ।
१३. राजस्वका दरहरुलाई समयानुकुल परिवर्तन गर्दै लगिने छ । सो वारेमा जनताहरुलाई सचेतिकरण गरिने छ ।
१४. लक्ष्य अनुरुप राजस्व संकलन गर्ने कर्मचारीलाई प्रोत्सहान स्वरुप सम्मान गरिने छ ।
१५. सरकारी, गैर सरकारी र वित्तीय संस्थाहरुको पारदर्शीताको लागि गाउँपालिकाद्वारा एकद्वार नीति अवलम्वन गरिनेछ ।
१६. सवै वार्डमा नागारिक वडापत्र र निर्माणाधिन योजना स्थलमा होडिङ्गवोर्डको स्थापना गरिने छ ।
१७. सवै विद्यालय, स्वास्थ्य संस्था, सहकारी संस्थाहरुको अनिवार्य सार्वजनिक परिक्षण र नियमित लेखापरिक्षण गरी प्रथम चौमासिक भित्र गाउँपालिका अनिवार्य पेश गर्नु पर्ने छ । अन्यथा गाउँपालिकाले त्यस्ता संस्थाहरुलाई कार्वाही गर्ने छ ।
१८. विद्यमान कर्मचारी संरचनाको संयोजन सकिए पछी पालिकालाई आवश्यक मानव श्रोतको व्यावस्थापनकालागि स्थानिय सेवा ऐन निर्माण गरी कर्मचारीहरुको ओएनएम गरी आवश्यक कर्मचारीको व्यावस्थापन गरिने छ ।
१९. शिक्षा सेवा आयोग र लोकसेवा आयोगका तयारी कक्षा संचालन निःशुल्क रुपमा संचलानको व्यावस्था गरिने छ ।
२०. सूचना प्रविधिलाई व्यवस्थित गरि वडा र समुदाय तहमा विद्युतिय सूचना प्रविधी(EIT) को प्रयोग सुलभ बनाइनेछ ।
२१. सवै विद्यालय र कार्यालयमा विद्युतिय हाजिरीको अनिवार्य व्यावस्था गर्न निर्देशन गरिनेछ ।
२२. गाउँपालिका तहमा आवश्यक ऐन, कानुन र नीति कार्यक्रम निर्माण परिमार्जनसमय अनुकुल गरिनेछ । जसकालागि कानुनी सल्लाहकारको व्यावस्था गरिनेछ ।
२३. दैनिक र समसामयिक कामकालाथि विकास निर्माण साथै अन्य कामकालागि अध्यक्षको सहयोगकालागि ३ देखी ५ सदस्यको सचिवालयको व्यावस्था गरिने छ । जसकालागि आवश्यक मानवशंसाधनको व्यावस्थापन गाउँपालिकावाट हुनेछ ।
२४. स्थानीय तहमा रहेका र स्वामित्व हस्तान्तरण भई आएका सरकारी भवन, जग्गा जमिन आदिको लागत निर्माण र उपयोगकालागि सवै वार्डहरुमा वडाअध्यक्षको अध्यक्षतामा ३ सदस्य समिति गठन गरी लगत तयार गरी सार्वजनिक गर्ने व्यावस्था गरिनेछ ।
२५. स्थानीय तहको गैसस, टोल विकास संस्था, आमासमुहहरुको विवरण गाउँपालिका र वार्डतहमा संकलन र अद्यावधी गरिनेछ ।
२६. स्थानीय तहको सवै खाले कार्य सम्पादन गर्न आवश्यकता अनुरुप समिति उप समिति गठन गरिनेछ ।
२७. स्थानीय तहको सम्पूर्ण कार्यालयहरुको स्थापना भौतिक निर्माण, पार्किङ्ग स्थलको निर्माण, फोहोर विसर्जन स्थल निर्माण गरिनेछ ।
२८. गाउँ सभा, कार्यपालिका र वडा तहको निर्णयहरुलाई विभिन्न संचारका माध्यमवाट सार्वजनिक गरिनेछ ।
२९. सूचना प्रविधिको प्रयोग गरी सवैखाले तथ्याङ्क अध्यावधिक तथा संरक्षण गरिनेछ ।

३०. सूरक्षा व्यवस्थालाई समेत राखी सामाजिक सुरक्षालाई अवलम्वन गरिने छ। साथै सुरक्षा निकायलाई उचित ठाउँमा स्थापीत गरी सेवा प्रवाह गरिनेछ।
३१. व्यक्तिगत घटना दर्ता सवन्धि प्रभावकारी सेवा स्थापित गरिनेछ।
३२. सवै तहमा अनुशासन, सभ्यताको विकास गरि शुसासन तथा पारदर्शिताको प्रवर्द्धन गरिनेछ।
३३. सवै तहका काम तथा सेवाहरुलाई विद्युतिय सेवा प्रणालि मार्फत सेवा विस्तारमा जोड दिईने छ।
३४. गाउँपालिकामा स्थापित प्रदेश तथा संघका विभिन्न सरकारी कार्यालय र सुरक्षा निकाय विच समन्वय सहकार्यमा जनतालाई सेवा प्रदान गरिने छ।
३५. कार्यक्षेत्रमा नतिजामूलक काम गर्ने शिक्षक, कर्मचारी, उपभोक्ता समितिहरुलाई सम्मान गर्ने काम गरिने छ।

**आदरणीय उपस्थित सभासद ज्यू,**

अव म आगामी आर्थिक वर्ष ०७७/७८ सार्वजनिक आय र खर्च व्यवस्थापनलाई पारदर्शी, जवाफदेही र परिणामुखी बनाईने छ।

आधुनिक लेखा प्रणाली सुत्र विधिका आधारमा प्रतिवेदन र लेखा परीक्षण पद्धति अवलम्बन गर्दै वित्तीय कारोवारको स्वच्छता र स्तरीयता वृद्धि गरिने छ।

जसमा माथि उल्लेखित निति कार्यक्रमका आधारमा तपशिलमा उल्लेखित निम्न कार्यक्रमहरु प्राथमिकता दिई संचालन गरिने छ।

१. कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्वमा बृद्धि, व्यवसायीकरण र व्यापार प्रवर्द्धनकालागि गाउँपालिकाले कृषि क्षेत्रमा विशेष जोड दिएको छ। यस गाउँपालिकाको आम्दानीको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्र अन्तर्गत सुन्तला, अलैची, ताजा तरकारी तथा आलु वीउ र आलु मुख्य रुपमा यस क्षेत्र चिनाउने कृषिजन्य बस्तुहरु भएकाले यी बस्तुहरुको निकासीमा वृद्धि गर्न कलष्टर र पकेट क्षेत्रहरुको विकास गरी उत्पादन गर्न जोड दिईने छ। वितरणमूखी कार्यक्रमहरु भन्दा प्रतिफलमूखी कार्यक्रमहरुमा जोड दिई पशु र कृषिमा व्यवसायिक फर्महरु स्थापना गर्न जोड दिईने छ।
२. दुध, कुखुरा अण्डा, मासु र खाद्यान्न, तरकारी, घाँसखेतीमा आत्म निर्भर वन्न जोड दिईने छ। कृषि यान्त्रीकरण, कृषि पशु विमा कार्यक्रमलाई विशेष जोड दिईने छ। कृषि उपज संकलन तथा विक्री केन्द्रको स्थापना जोड दिईने छ। संभाव्यताको आधारमा गाई प्याकेज, बाखा प्याकेज, सहकारी सञ्चालन, स साना डेरी पसल स्थापनामा सहयोग, बंगुरपालन, सहकारी खेती, युवा लक्षित कार्यक्रमको सञ्चालनमा विशेष जोड दिईएको छ। जसकालागि लघु उद्यम कार्यक्रम मेड्पा मोडलको प्रयोग गरी मेड्पा कार्यक्रममा संचालन गरिने छ।
३. महाशिला विकास स्वयंसेवक कार्यक्रम मार्फत निर्माण, शिक्षा, स्वास्थ्य, कृषि तथा पशु सेवा, खानेपानी र विद्युत लगायतका क्षेत्रमा निरन्तर कार्यक्रम गरिने छ। जसवाट विपन्न तथा वेरोजगार महिलाहरुलाई रोजगारी र क्षमता विकासमा सहयोग हुनेछ। यसै गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई समेत थप व्यवस्थित वनाई कार्यक्रम संचालन गरिने छ।
४. कृषकहरुको सिचाई सुविधाकालागि थोपा सिंचाई, साना सिंचाई, शित भण्डार, चिस्यान केन्द्र र संकलन केन्द्रमा सहयोग गर्ने कार्यक्रम गरिने छ।
५. व्यावसयिक तालिम र विउ पूँजि सहयोगको माध्यमवाट लक्षित समुदाय महिला, दलित र अपाङ्गता भएका व्याक्तिहरुको क्षमता विकासका कार्यक्रम संचालन गरिने छ।
७. पर्यटन विकासकालागि ७ स्थानहरुलाई महाशिलाका मुख्य पर्यटकिय स्थलको रुपमा विकास गर्ने पूर्वाधार विकासमा लगानीका कार्यक्रम संचालन गरिने छ।
८. स्थानिय सहकारीको संस्थागत विकास, सहकारी पसल र वजारीकरणमा सहयोग गरिने छ।
९. विभिन्न वित्तिय संस्थाहरु मार्फत शैक्षिक कर्जा, व्यावसायिक कर्जाहरुमा व्याज छुट अनुदान दिने कार्यक्रम गरिने छ।
१०. सामुदायिक विद्यालयमा हाल कक्षा २ हुदै मावि तह सम्मको अनिवार्य अंग्रेजी, अनिवार्य कम्प्यूटर मल्टी मिडिया मार्फत पढाई, गुणस्तरिय शिक्षाकालागि जस्तै निरन्तर सिकाई मुल्याङ्कन एकाई,

मासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक रुपमा विद्यार्थीहरु परिक्षा लिई अभिभावकहरुको समेत पृष्ठपोषण लिने, सवै विद्यालयमा विद्यार्थी तथा शिक्षकहरुलाई पोसाकको व्यावस्था गर्ने, यदी विद्यार्थीको पोषाक किन्न नसक्ने विपन्नताको अवस्थामा पहिचान भएमा पुन पोषाक वितरण गाउँपालिकाले सहयोग गरिने छ । सवै विद्यालयमा गृहकार्य डायरी र कक्षाकोठामा वुक लिष्टको व्यावस्था गर्न र शिक्षक, विद्याथी र अभिभावक आचारसंहिता अनिवार्य वनाई लागु गरिने छ । सवै विद्यालयमा अभिभावकको साझेदारीमा टिफिन खाजा व्यावस्थापनलाई निरन्तरता दिईने छ । विद्यालयहरुमा जंगफुड निषेध गरिने छ ।

क्रमश सवै विद्यालयमा ईन्टरनेट सुविधा पुर्याईने छ । शिक्षिकहरुलाई अंग्रेजी माध्यम र कम्प्यूटरको संवन्धि तालिम र स्थानिय शैक्षिक सामाग्री निर्माण तालिम संचालनमा सहकार्य गरिने छ ।

शिक्षक अभिलेख व्यवस्थापन गरी शिक्षकलाई लियनपदमा फिर्ता गर्ने र विद्यालयमा विद्यार्थी संख्या २० भन्दा कमभएमा साथै शिक्षक अनुपात एवं विद्यालय मर्जर निति यसै आ.व.वाट लागु गरिनेछ । हरेक वार्डहरुमा एक एक वटा नमुना आधारभूत विद्यालय विकास गरिने छ । निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गाउँपालिका अभियान गरिने छ । पठन पाठनलाई थप व्यवस्थापन गर्नका लागि शैक्षिक क्यालेण्डर तयार गरी निरन्तर लागु गरिने छ । एस.इ.इ. को उत्तीर्ण दरमा वृद्धि गरिने छ । व्यावसायिक शिक्षाको थालनी साथै भै रहेको धुँवाकोट महाशिला क्याम्पस व्यावस्थापनमा लगानी गरिने छ। शिक्षा क्षेत्रमा ससर्त र वित्तियसमानीकरणको वजेटवाट लगानी गरिने छ ।

११. जिरो होम डेलीभरी, अध्यक्ष सुत्केरी भेटधाट, वालवालिका पोषण कार्यक्रम, आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवाकालागि प्राथमिक स्वास्थ्य केन्द्र लुंखुमा भिडियो एक्सरे सेवा सहित स्तर उन्नती गरी गाउँपालिका स्तरमा १५ सैयाको अस्पताल वनाउन कामको शुरुवात गरिने छ । यसै गरी केन्द्र र प्रदेश सरकारको सहयोगमा वालाकोट, पाखापानी र भोगसिङ्ग स्वास्थ्य चौकीको भवन ३ वटा निर्माण गरिनेछ । प्राथमिक स्वास्थ्य केन्द्र लुंखुमा थप १ जना डाक्टरको व्यावस्था गरिने छ ।

१२. सरसफाईको अभावमा दिगो विकासको परिकल्पना गर्न सकिदैन । जसकालागि आगामी वर्ष सवै वार्डलाई सरसफाईयुक्त वार्ड घोषणा गरिने छ ।

१३. आगामी १ वर्ष भित्र सम्पुर्ण यस गाउँपालिका भित्र आधारभूत स्तरको खानेपानी तथा सरसफाई सुविधा उपलब्ध गराउन र नेपाल सरकार, प्रदेश सरकार साथै अन्य दातृ निकायको सहयोगमा काम गरिने छ । सोही प्राथमिकताका आधारमा 'एक घर एक धारा' को अवधारणा अनुरुप काम गरिने छ । जसकालागि केन्द्र र प्रदेश सरकारवाट वजेट विनियोजन र सहकार्यमा कार्यक्रम गरिने छ । जसमा प्रदेश सरकारवाट विगत वर्ष देखी लाम्तुन, भोगसिङ्ग लिफ्ट खानेपानी आयोजना र यस वर्ष होश्राङ्गदी र जोरकाफल खानेपानी आयोजना नयाँ आयोजनाको रुपमा समावेश भएकोमा जानकारी दिन चाहन्छु । ससाना खानेपानीमा पाईप, मर्मत सहयोग गाउँपालिकाले गरिने छ ।

१४. संस्कृति प्रवर्दन, सामाजिक बिकृतिको विरुद्धको अभियान, खेलकुद, मनोरञ्जन, बालबालिका, जेष्ठ नागरिक, महिला, दलित आदिवासी जनजाति तथा अपाङ्गता, अतिगरिव, द्धन्दपिडित र अल्पसंख्यकको क्षेत्रमा विशेष ध्यान केन्द्रित गरेका छौं । कुना देखी कोरो सम्म महाशिला गाउँपालिका भेटी कार्यक्रम संचालन गरिनेछ ।

१५. देशमा व्याप्त गरिवी न्यूनीकरण गर्न र बेरोजगारी, सामाजिक बहिष्करण, रोग ब्याधि, अपाङ्गता तथा वृद्ध अवस्थाका कारण नागरिकहरु सामु आर्थिक तथा सामाजिक रुपमा उत्पन्न जोखिम व्यवस्थापन गर्न सघाउ पुर्याउने उद्देश्यले नेपाल सरकारबाट व्यवस्था गरिएको सामाजिक सुरक्षा कार्यक्रमलाई यस गाउँपालिकामा थप पारदर्शी र व्यवस्थित बनाउनको लागि सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गतका लाभग्राहीहरुको विवरण नेटमा समाविष्ट गर्ने, सामाजिक सुरक्षा भत्ता वितरणको लागि राष्ट्रिय वाणिज्य वैक लुखु सहित पायक पर्ने बैंकहरुमा व्यक्तिगत खाता सञ्चालन गरी बैंक मार्फत वितरण गर्ने व्यावस्थालाई निरन्तरता दिईने छ। जसकालागि आवश्यक सहयोग गाउँपालिकाले नियमित रुपमा गर्ने छ ।

सबै बालबालिका र तिनका परिवारले आफ्ना आधारभूत आवस्यकता पूर्ति गर्न समान अवसर र क्षमताको विकास गर्न "बालमैत्री स्थानीय शासन" सहितको अवधारणालाई कार्यान्वयन गर्न

बालमैत्री वार्ड घोषणा गर्ने योजना, बालबालिकामा लगानी, बाल सहभागिता र बाल आवजको सम्मान गरी निर्धारण गरिएका ३९ वटा सूचकहरु पूरा गर्न गरी वालमैत्री वार्ड घोषणा कार्यक्रम संचालन गरिने छ ।

१६. यस वर्ष महाशिला गाउँपालिकामा एफएम संचालन पहल, नेपाल टेलीकम मार्फत ५०० क्षमताको ल्याण्ड लाईन टेलिफोन सेवा व्यावस्थाको पहल गरिने छ । माग तथा आवस्यकताअनुसार थप टावरको पाखापानी र होस्राङ्गदी लगायतका आवश्यक स्थानमा माग गर्ने र सवै वार्ड, विद्यालय, स्वास्थय संस्थाहरुमा ईन्टरनेटको सहज पहुँचकालागि अप्टीकलफाईवरको पहुँचकालागि नेपाल टेलीकमको सहयोगमा काम गरिनेछ ।

१७. गाउँपालिकाका सडकहरुलाई ३ तहमा वर्गीकरण गरिने छ । सबै वार्डलाई बाह्रै महिना सञ्चालन हुने सडक को अवधारणा अनुसार काम गरिने छ । यस गाउँपालिकामा ६ वटै वार्डलाई जोड्ने चक्रपथ निर्माण सुधार विस्तारकामलाई निरन्तरता दिईने छ । क वर्गका सडकहरुको स्तरउन्नती र चौडाईलाई ७ मिटर वनाउने गरी अनिवार्य व्यावस्था गरिने छ। सडक कालोपत्रे वनाउनकालागि विस्तृत परियोजना सर्वेक्षण भै यस वर्ष देखी ५ किलो मिटर कालो पत्रे सडक निर्माण कार्यान्वयनकालागि वजेटको व्यावस्था गरिएको छ ।
यसै गरी प्रदेश सरकारको सहकार्यमा डिपिआर भएको लुंखु मिलन चोक वालाकोट होश्राङ्गदी सडकको कालो पत्रेको काम अगाडी वढाईने छ । आरसिआईपीको तर्फवाटट कुर्घा लुंखु र सिम्ले सम्मको सडकको कालोपत्रेको काम यस वर्ष पुरा हुनेछ । यस वर्ष ६ वटा वाटोको डिपिआर गरिनेछ । नियमित मर्मत सम्भार र पदमार्ग साथै अन्य पूर्वाधारको लागि महाशिला विकास स्वयंसेवक परिचालन गरी सडकको पटके मर्मत वर्षाद पछि अनिवार्य गर्ने वार्ड तहमा व्यावस्था गरिने छ ।

१८. गाउँपालिका तथा वार्डस्तरका कार्यालय, विषयगत सेवाका कार्यालय निर्माणकालागि विशेष र समपुरक कार्यक्रम संचालन गरिने छ ।

१९. विद्युत सेवाको नियमित आपूर्तिकालागि सामुदायिक विद्युत र वजार केन्द्र, सरकारी कार्यालय, पर्यटकिय क्षेत्रमा सौर्य उर्जाकालागि महाशिला उज्यालो कार्यक्रम संचालन गरिने छ ।

२०. विपत व्यावस्थापन, विश्व महामारी कोरोना भाईरस विरुद्धको अभियान, मानव र वन्यजन्तु विचको द्धन्द व्यावस्थापन, वन तथा वातावरण, सरसफाई, भूसंरक्षण, पानीमूल संरक्षण, पोखरी संरक्षण, हावापानी, माटो, ढुङ्गा, वनजंगल, वनस्पती, जडीवुटी संरक्षण, वन्यजन्तु, पशुपक्षीं लगायतका प्राकृतिक सम्पदाको संरक्षणका कार्यक्रम गरिनेछ । हामीले यसको महत्वको वारेमा सर्वसाधरणमा सचेतनालगायतका कार्यक्रमहरु सञ्चालनको लागि स्थानिय वन समुह र टोल विकास संस्थाको परिचालन गरिने छ । यस क्षेत्रमा पहिचान भएका जलधार क्षेत्र संरक्षण र श्रोत संरक्षणकालागि जोड दिइने छ ।

२१. आवाधिक योजनाको कार्यान्वयन, विभिन्न कामको डिपिआर, लागत ईष्टीमेट संस्थागत पारदर्शिता शुसासनका कामहरु, सार्वजनिक सुनुवाई, नागरिक वडापत्र, योजनाको होर्डिङ्गवोर्ड, उपभोक्ता समिति, पर्यटन विकास समिति, युवाक्लव,संघसंस्था,टोलविकास संस्था दर्ता परिचालन, कार्यालयका सेवा प्रवाह, क्षमता विकास, आर्थिक सहयोग, प्रचार, प्रसार विज्ञापन जस्ता कार्यक्रमहरु संचालन गरिने छ ।

केन्द्र तथा प्रदेश सरकारसंगको सहयोग र सहकार्यमा गरिने योजना तथा कार्यक्रम :
यस आ.व.मा केन्द्र सरकारवाट गर्न पर्ने कार्यक्रम:

१. महाशिला गाउँपालिका वार्डनं.४,५,६ स्थित रहेको फलामखानी संचालनकालागि संभाव्यता अध्ययन पुरा गरी खानी संचालनको कार्य थालनी गर्न माग गरिन्छ ।

२. महाशिलाको शिलाक्षेत्र, पैयूकोट र चिसापानीको डिपिआर वमोजिमको पर्यटन विकासकालागि पूर्वाधार विकासमा सहयोग गर्न माग गरिने छ ।

३. गाउँपालिका तथा वार्ड कार्यालयका भवन निर्माणमा डिपिआर र लागत ईष्टुमेट अनुसार आर्थिक सहयोग गर्न आवश्यक पहल गरिने छ ।

४. दृश्यावलोकन, पिकनिक स्थल, उद्यान तथा धौलागिरी माछापुच्छे भ्यूप्वाईन्ट, मनोरञ्जनपार्क निर्माण फलामखानीमा निर्माणकालागि संस्कृति तथा पर्यटन मंत्रालयमा पहल गरिने छ।
५. अगाहाखोला, अधेरीखोला, फेदीखोला, झरुवाखोलामा मझौलासिचाई आयोजना संचालनमा सिंचाई मंत्रालयमा माग गरि पठाउने काम गरिने छ।
६. महाशिला वार्ड नं. ५ लुंखुमा वतासेडाँडा भोर्ले डाँडा आकासे पुल करिव ३५० मिटर हस्पिटल जानकालागि र सेल्फीपुलकालागि धौलागिरी माछापुच्छे भ्यूप्वाईन्ट धौलागिरी माछापुच्छे भ्यूप्वाईन्ट र महाशिला वार्ड नं. ४ को ठूलाडाँडा दमसिङ्ग सम्म अग्लो आकासे पुल करिव ३५० मिटरको पुल आवागमन र वनपैदावारको उपयोगकालागि निर्माणकालागि टिविएसएसपीमा सभव्यता अध्ययनकालागि मागकालागि पठाईने छ।
८. मगर तथा गुरुङ्गहरुको संस्कृति संरक्षण संग्रहालय निर्माण पाखापानी र होश्राङ्गदीका पर्यटन तथा संस्कृती मंत्रालयमा योजना माग गरि पठाईनेछ।
९. दलितहरुको आरन सुधार, पंचेवाजा संरक्षण तथा आय आर्जन कार्यक्रमका विशेष कार्यक्रमकालागि केन्द्र सरकारसंग माग गरि पठाईनेछ।
१०. व्यावसायिक मौरी, सुन्तला, वाखा, कफि, चिया, अलैची र तरकारी व्लक संचालन कार्यक्रममा विशेष अनुदान कृषि तथा सहकारी मंत्रालयमा माग गरि पठाईने छ।
११. खाद्य वैक संचालनमा सहयोग कार्यक्रममा विशेष अनुदान कृषि तथा सहकारी मंत्रालयमा माग गरि पठाईने छ।
१२. भूमी वैक संचालनमा सहयोग कार्यक्रममा विशेष अनुदान भूमिव्यावस्था मंत्रालयमा माग गरि पठाईने छ।
१३. पलिकास्तरमा एक व्यवस्थित खेल मैदानका कृष्ण स्मृति खेल मैदानको सहयोगकालागि युवा तथा खेलकुद मंत्रालयमा माग गरि पठाईने छ।
१४. गाउँपालिकाले डिपिआर गरी कालोपत्रेकालागि विशेष र समपुरक अनुदान तथा निर्वाचन क्षेत्र पूर्वाधारकार्यक्रममा तपशिलका सडकहरुलाई वजेटको माग गरिनेछ।

- घण्टे लुंखु सडक स्तर उन्नती
- भोगसिंग सर्वुडाँडा सालडाँडा सडक स्तर उन्नती
- दमैडाँडा लाम्तुन सडक स्तर उन्नती
- दह दियालीडाँडा हिरुखर्क सडक स्तर उन्नती
- अगुवा होश्राङ्गदी पैयुभञ्ज्याङ्ग सडक स्तर उन्नती
- लुंखु वान्दे सेरा सडक स्तर उन्नती

१५. केन्द्र सरकारसंगको समन्वयमा खरको छानामुक्तपालिका वनाईने छ।

प्रदेश सरकारसंगको सहयोग सहकार्य :

१. कृषि, भेटेनरी र वनको पोलिटेक्नीकल ईन्सीच्यूट खोल्न आवश्यक सहयोगकालागि प्रदेश सरकारसंग माग गरिनेछ।
२. ढुँगा गिट्टी क्रसर उद्योग संचालनमा सहयोग प्रदेश सरकार उद्योग, पर्यटन तथा वन मंत्रालयमा माग गरिनेछ।
३.इन्भेसीगेसन डिप ट्यूवेल सिंचाई प्रणालीमा महाशिला वार्ड नं. ५ काउरावाट, पोखराखेत, लामे वार्ड नं. ४ पूर्णागाउँ, घारलुङ्ग सेरा, अर्तमास, वार्ड ३ को न्याली,हिरुखर्क, वार्ड नं. १ अगाहा र जमपुरमा प्रदेश सरकार भौतिक पूर्वाधार मंत्रालयमा माग गरिनेछ।
४. उद्योगग्राम स्थापना सहयोग भल्पु सम्मेनीमा प्रदेश सरकार उद्योग, पर्यटन तथा वन मंत्रालयमा माग गरिनेछ।
६. स्वास्थ्य चौकी भवन वार्ड नं. ६ प्रदेश सरकारमा विशेष अनुदान माग गरिनेछ।
७. विद्यालय पूर्वाधार भवन निर्माणमा चन्द्रनगर प्रा.वि., जनविकास मा.वि., विद्यालय घेरावारकालागि फलामखानी आधारभूत विद्यालय, महेन्द्र ज्योती मा.वि, महेन्द्रोदय मा.वि., सूर्य मा.वि.मा माग गरिनेछ।

८. घाँस उद्योग संचालनमा सम्भाव्यता अध्ययनकालागि प्रदेश सरकार उद्योग, पर्यटन तथा वन मंत्रालयमा माग गरिनेछ ।

९. पालिका स्तरमा खेल मैदान निर्माण प्रदेश सरकार सामाजिक मन्त्रालयमा माग गरिनेछ ।

१०. १ घर १ घारा महाशिला गाँउपालिका भरी प्रदेश सरकार भौतिक पूर्वाधार मंत्रालयमा माग गरिनेछ ।

११. महाशिला, पैयूकोट र चिसापानीमा पर्यटन पूर्वाधारमा सहयोग डिपिआर अनुसार र गंगाधार गुफा, गोरल्याङ्ग क्षेत्र, धुँवाकोट फलामखानी, वालारानी क्षेत्र, छहराखोला क्यानोनिङ्ग, गोरल्याङ्ग र धुँवाकोटमा प्याराग्लाईडिङ्ग, वोक्सी पहरामा रकक्लाईमिङ्गकालागि आवश्यक सहयोगकालागि माग गरिनेछ ।

१३. कृषि तथा पशुपालन फर्म संचालनमा सहयोग प्रदेश सरकारसंग होश्राङ्गदी,लुंखु फलामखानी पाडापाडी पालन फर्म, होश्राङ्गदी र वालाकोटमा कफी खेती, भोगसिङ्गमा आलु, अलैची, फलामखानी र लुंखुमा चिया खेतीको फर्म, पाखापानी, लुंखु, वालाकोट, होश्राङ्गदी, वालाकोट, भोगसिंगमा सुन्ताला तथा तरकारी ब्लक, होश्राङ्गदी, पाखापानी, वालाकोट, भोगसिंग, होश्राङ्गदी, लुंखुमा वाखापालन फर्म, फलामखानीमा भेडापालन फर्म, गाईपालन फर्म दुधकालागि होश्राङ्गदी, लुंखु र पाखापानी, वंगुरपालन फर्म पाखापानी र लुंखु, लोकल कुखुरापालन फर्म सवै वार्ड, मौरीपालन फर्म लुंखु, पाखापानी, वालाकोट होश्राङ्गदी गर्ने गरी प्राथमिकता तय गरी प्रदेश सरकारको संवन्धित मंत्रालयमा माग गरि पठाईने छ ।

१४. स्थानियजातको विउ विजनको संरक्षणमा विउ वैक र स्थानियजातको पशुको संरक्षणकालागि श्रोत केन्द्र विकासकालागि प्रदेश सरकारसंग माग गरिनेछ । सवै वार्डमा कार्यक्रम संचालन गर्ने गरी माग गरिनेछ ।

अन्तमा,

**सम्पूर्ण सभासद ज्यूहरु,**

प्रस्तुत निति कार्यक्रम माथि यहाँहरुको सुझाव तथा टिप्पणी रहने छ र विषयगत साथै दफावार छलफलमा रचनात्मक सुझावको अपेक्षा सहित मेरो मन्तव्य यही अन्त गर्दछु ।

हार्दिक अभिवादन सहित ।

**धन्यवाद॥**

**राजु प्रसाद पौडेल**
**अध्यक्ष**
**महाशिला गाँउपालिका**